सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२३ जेठ २०८२, शुक्रबार (6 June 2025, Friday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक ५४ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

मन्त्रिपरिषद्को निर्णयमाथि पहिलोपटक मुद्दा

समकक्षी नेताहरूको तुलनामा 'निष्कलंक' मानिएका माधव नेपाल नेतृत्वको मन्त्रिपरिषद्ले पतञ्जली योगपीठलाई हदबन्दीभन्दा बढी जग्गा किनबेचको अनुमति दिएको अभियोग, उनीसहित तत्कालीन मन्त्री, मुख्यसचिव, सचिवलगायत ९३ विरुद्ध भ्रष्टाचार मुद्दा



■ पतञ्जलीका मुख्य मालिक रामदेव र बालकृष्णलाई भने तानिएन

■ यसअघि अख्तियारले नै तामेलीमा राखेको थियो उजुरी

■ पूर्वप्रधानमन्त्रीविरुद्ध पहिलोपटक अख्तियारको मुद्दा

■ एकीकृत समाजवादीले भन्यो- **योजनाबद्ध षड्यन्त्र रचेर प्रतिशोध साधियो, कानुनी उपचारमा जान्छौं**

सुवास भट्ट/नयाँ पत्रिका

पतञ्जली योगपीठका लागि काभ्रेमा हदबन्दीभन्दा बढी जग्गा खरिद, बिक्री र सट्टाभर्ना गर्ने गरी मन्त्रिपरिषद्बाट भएको निर्णयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पूर्वप्रधानमन्त्री माधव नेपालसहित ९३ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ। मन्त्रिपरिषद्बाटै भएको नीतिगत निर्णयमा प्रधानमन्त्रीसमेतलाई प्रतिवादी बनाएर मुद्दा दायर भएको यो पहिलोपटक हो।

हदबन्दी छुट दिन नमिल्ने जग्गा खरिद गर्ने अनुमति, खरिदपछि हदबन्दीभन्दा बढीलाई वैधानिकता र हदबन्दीभन्दा बढी जग्गा बिक्री गर्नसमेत अनुमति दिएको ठहर गर्दै अख्तियारले यो प्रक्रियामा संलग्नविरुद्ध मुद्दा चलाएको छ। अख्तियारले मुद्दा दायर गरेका अन्य उच्चपदस्थमा तत्कालीन कानुनमन्त्री प्रेमबहादुर सिंह, भूमिसुधारमन्त्री डम्बर श्रेष्ठ, तत्कालीन मुख्यसचिव माधवप्रसाद घिमिरे, पतञ्जली योगपीठ तथा आयुर्वेद कम्पनी नेपालका संस्थापक सदस्य शालिग्राम सिंहलगायत छन्।

पतञ्जली योगपीठ तथा आयुर्वेद कम्पनी नेपालले ०६४ र ०६५ मा काभ्रेको साँगा नासिकास्थान, महेन्द्रज्योति र चलाल गणेशस्थान क्षेत्रमा हदबन्दी छुटमा ५५४ रोपनी जग्गा खरिद गरेको थियो। गैरकानुनी रूपमा हदबन्दी छुट लिएर खरिद गरेको जग्गा फेरि कानुनविपरीत बढी मूल्यमा बेचेको थियो। प्रतिवादीहरूविरुद्ध सार्वजनिक सम्पत्ति हानिनोक्सानी गरेर भ्रष्टाचार गरेको कसुर छ।

पतञ्जलीले पहिल्यै जग्गा खरिद सुरु गरेर मन्त्रिपरिषद्बाट गैरकानुनी रूपमा वैधानिकता लिन

» पृष्ठ २ मा क्रमशः



तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

पार्टीको आकस्मिक बैठकपछि आलोकनगरस्थित कार्यालयबाट बाहिरिँदै एकीकृत समाजवादीका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल। बैठकपछि पत्रकारलाई प्रतिक्रिया दिँदै उनले आफूले भ्रष्टाचार नगरेको र राजनीतिक प्रतिशोध साधिएको दाबी गरे। 'एउटा मान्यता छ मेरो- नबिराउनु, नडराउनु। मैले करप्सन गरेको छैन। चुनौतीका साथ भन्छु म। यस्ता कुरा राजनीतिक प्रतिशोधका कारण आएको भन्ने सिधै देखिन्छ,' उनले भने। रौतहटमा रहेका नेता नेपाल बिहीबार काठमाडौं आएर सिधै पार्टी बैठकमा सहभागी भएका थिए। त्यतिखेर उनले पत्रकारसँग भनेका थिए, 'म कसैमाथि आरोप लगाउन चाहन्न। आरोप लगाउन उचित हुँदैन। मबाट त्यस्तो कुनै खराब नियतबाट लाभ उठाएर, भ्रष्टाचार गरेर कुनै पनि कामको निम्ति आदेश दिने काम भएको छैन। म त्यस्तो कुराको विरुद्धमा छु। प्रक्रियाको सामना गर्ने हो।'

प्रेमबहादुर सिंह
तत्कालीन कानुनमन्त्री

डम्बर श्रेष्ठ
तत्कालीन भूमिसुधार तथा व्यवस्थामन्त्री

(डम्बर श्रेष्ठको निधन भएकाले बिगो असुल प्रयोजनका लागि पुत्र सन्तोषलाई प्रतिवादी)

माधवप्रसाद घिमिरे
तत्कालीन मुख्यसचिव

छविराज पन्त
भूमिसुधार मन्त्रालयका तत्कालीन सचिव

(माधवप्रसाद घिमिरेको निधन भएकाले बिगो असुल प्रयोजनका लागि पत्नी कमलालाई प्रतिवादी)

- **केशरबहादुर बानियाँ**, भूमिसुधार तथा व्यवस्थापन विभागका तत्कालीन महानिर्देशक
- भूमिसुधार मन्त्रालयका तत्कालीन सहसचिवहरू **जितबहादुर थापा र लालमणि जोशी**

● कैद तथा सजाय

सार्वजनिक सम्पत्तिको हानिनोक्सानी गरेको कसुरमा बिगो : **१८ करोड ५८ लाख ५० हजार**

रिसवतसम्बन्धी कसुरमा : **१० देखि १४ वर्षसम्म कैद**

उच्चपदस्थ भएकामा : **थप तीन वर्ष कैद सजाय**

■ अख्तियारमा यस्तो थियो माधव नेपालको बयान

तलबाट आएका प्रस्ताव ठिक छन्/छैनन् हेर्ने काम मुख्यसचिवको टिमको हो

मन्त्रिपरिषद्मा कुनै पनि प्रस्ताव पेस गर्नुपूर्व त्यसका तलदेखिका प्रक्रिया हुन्छन्। तलैबाट आएका सबै निर्णय कानुनसम्मत् छन्/छैनन् हेर्ने काम मुख्यसचिवको टिमको हुन्छ। मुख्यसचिवले सबै हिसाबले प्रस्ताव उपयुक्त छ भन्ने ठहर गरी प्रधानमन्त्री र पछि मन्त्रिपरिषद्मा पेस गरेपछि त्यहाँबाट निर्णय हुने गर्छ। प्रश्न उठेमा, शंका लागेमा वा थप बहसको आवश्यकता महसुस भएमा त्यो विषय थप छलफल र बहसको विषय बन्छ। होइन भने आएका प्रस्तावलाई मन्त्रिपरिषद्ले पारित गर्छ। प्रधानमन्त्री एक्लैले कुनै निर्णय गर्न पाउँदैन। र, त्यस्तो चलन भएको मलाई जानकारी छैन।

'निष्कलंक छवि'माथि उत्तरार्धमा धब्बा

प्रेम गौतम/नयाँ पत्रिका

६ दशक लामो राजनीतिक यात्रामा समकालीन नेताहरूमा निष्कलंक छविका मानिन्छन् पूर्वप्रधानमन्त्री एवं एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल। तर, राजनीतिक जीवनको उत्तरार्धमा उनको छविमाथि भ्रष्टाचारको 'धब्बा' लागेको छ। धब्बा मेटिएला या रहला अब अदालतको फैसलासम्म कुर्नैपर्छ।

२३ फागुन ००९ मा रौतहटको गौरमा मध्यमवर्गीय पण्डित परिवारमा जन्मिएका नेपालले ०२२ तिरैबाट मार्क्सवादी आन्दोलनमा झुकाव राखेका थिए। वीरगन्जस्थित ठाकुरराम बहुमुखी क्याम्पसमा आइक्म अध्ययन गर्ने क्रममा विद्यार्थी राजनीतिमा संगठित भएर वामपन्थी आन्दोलनमा होमिएका थिए। ०२८ मा नेकपा क्रान्तिकारी संगठन मोरङको सदस्य, ०३२ मा कोअर्डिनेसन केन्द्रको संस्थापक सदस्य हुँदै ०३५ मा मालेको संस्थापक पोलिटब्युरो सदस्य बनेका उनले ०३२ मा दुई वर्ष राजकाज मुद्दामा कारावास बस्नुपरेको थियो। कोअर्डिनेसन केन्द्र र मालेको संस्थापक नेता नेपाल तत्कालीन महासचिव सिपी मैनाली हुँदै तीनसदस्यीय पोलिटब्युरोमा दोस्रो वरीयतामा थिए। ०३९ मा सिपीलाई कारबाही गरिएपछि झलनाथ खनाल महासचिव बनेपछिको तीनसदस्यीय पोलिटब्युरोमा पनि नेपाल दोस्रो वरीयतामै रहे। खनाल हटेपछि चौथो महाधिवेशनबाट मदन भण्डारी महासचिव बने। पाँचौंसम्म तत्कालीन निवर्तमान महासचिव खनाल दोस्रो वरीयतामा भएका कारण उनी तेस्रो वरीयतामा थिए।

प्रजातन्त्र स्थापनाका लागि ०४७ मा भएको जनआन्दोलनमा काग्रेस-कम्युनिस्ट सँगसँगै आन्दोलनमा होमिए। आन्दोलनमा तत्कालीन माले समेत रहेको वाममोर्चाको तर्फबाट नेपालले अगुवाइ गरेका थिए। त्यसपछि उनी संविधान सुझाव आयोगको सदस्य भए। ०४८ मा राष्ट्रिय सभामा विपक्षी दलको नेता भए। तत्कालीन महासचिव भण्डारीको दुर्घटनामा मृत्यु भएपछि नेपाल एमाले महासचिव बने। ०५४ को छैटौं र ०५९ को सातौं महाधिवेशनबाट महासचिवमा निर्वाचित भए। निरन्तर १५ वर्ष एमालेको नेतृत्व गरे। ०५१ मा उनी उपप्रधानमन्त्री तथा रक्षामन्त्री बनेका थिए।

१८ असोज ०५९ को शाही कदम र त्यसपछि १९ माघको निरंकुश कदमको विरोधमा अग्रमोर्चामा खटिएका नेपाल नजरबन्दमा समेत परेका थिए। ०६४ को पहिलो संविधानसभा निर्वाचनमा उम्मेदवारी दिएका दुवै ठाउँबाट पराजित भए, पार्टीले पनि अनपेक्षित नतिजा ल्याएपछि उनले नैतिकता देखाउँदै महासचिव पदबाटै राजीनामा दिएका थिए। तत्कालीन प्रधानमन्त्री एवं माओवादी अध्यक्ष प्रचण्ड र काग्रेसका तत्कालीन सभापति गिरिजाप्रसाद कोइरालाको आग्रह र एमालेको निर्णयपछि नेपाललाई संविधानसभामा ल्याइएको थियो। र, संवैधानिक समितिको सभापति बनाइयो।

०६६ मा प्रधानमन्त्री भएर नेता नेपालले ८ महिना कामचलाउसहित २० महिना सरकार चलाए। त्यही वेला पतञ्जलीलाई हदबन्दीभन्दा बढी जग्गा खरिद गर्न र पछि कित्ताकाट गरेर बेच्न दिने गरी मन्त्रिपरिषद्बाट भएको निर्णयलाई लिएर अख्तियारले नेपालविरुद्ध बिहीबार विशेष अदालतमा मुद्दा दायर गरेको छ। ९ भदौ ०७८ मा एमालेबाट विद्रोह गरेर एकीकृत समाजवादी पार्टी स्थापना गरेका नेपाल हाल अध्यक्ष छन्।

अख्तियारले मुद्दा दर्ता गर्दैगर्दा नेपाल पार्टी कामको सिलसिलामा रौतहटमा थिए। मुद्दा दर्ता भएको थाहा पाएपछि तत्कालै काठमाडौं फर्किएर पार्टीको अनौपचारिक बैठक राखे। पार्टी कार्यालय आलोकनगरमा बसेको उपलब्ध नेताहरूको बैठकले राजनीतिक प्रतिशोधले मुद्दा दायर गरिएको ठहर गरेको छ। विगतदेखि नै पार्टी र नेताहरूविरुद्ध चलेको षड्यन्त्रको सिलसिलाअनुसार अध्यक्षमाथि पूर्वाग्रही ढंगले प्रतिशोध साधिएको निष्कर्ष निकालेको छ।

अग्रलेख

● देवराज चालिसे

गणतन्त्रको गल्लीमा बन्दी बनेको लोकतन्त्र

गणतन्त्रको नारामा प्रजातन्त्र छ, व्यवहारमा नेतातन्त्र, प्रशिक्षण पुस्तिकामा समाजवाद घोकाइन्छ, व्यवहारमा 'क्रोनिक क्यापिटलिज्म'तर्फको अग्रसरता छ

(पृष्ठ ४)

१२ देशका नागरिकलाई अमेरिका प्रवेशमा पूर्ण बन्देज



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पूर्ण यात्रा प्रतिबन्ध लगाएका देशमा सोमालिया, चाड, रिपब्लिक अफ कंगो, इक्वेटोरियल गिनी, इरिट्रिया, लिबिया, सुडान, यमन, अफगानिस्तान, म्यानमार, हाइटी र इरान छन्। यात्रा प्रतिबन्ध लगाइएका १२ मध्ये सात अफ्रिकी मुलुक रहेको र बाँकी एसियाली मुलुक रहेका छन्। अफ्रिकी युनियन (एयु) ले संयुक्त राज्य अमेरिकाले महाद्वीपका सात राष्ट्रमाथि लगाएको नयाँ यात्रा प्रतिबन्धको परिणामप्रति चिन्ता व्यक्त गरेको छ।

(विस्तृत पृष्ठ ५)

विश्वकै लामो मुक्तिनाथ केबुलकार बनाउन ५७ अर्ब ६४ करोड लगानी स्वीकृत



जिडिपीमा वार्षिक ७० अर्ब योगदान दिने ८१.०१४ किलोमिटर लामो परियोजना दसैंमा शिलान्यास गर्ने तयारी

स्वदेशी लगानीमै बनाइने

जिडिपीमा वार्षिक ७० अर्ब योगदान

(विस्तृत पृष्ठ ६)

■ विराटनगरको तुलसी सहकारीमा हिनामिना

अध्यक्ष शर्मालाई ६ वर्ष कैदसँगै एक अर्ब ३७ करोड असुल्नुपर्ने फैसला

६७ करोड ५९ लाख २१ हजार बिगो, ६७ करोड ५९ लाख २१ हजार जरिवाना र दुई करोड ७० लाख पीडित राहत कोषका लागि गरी एक अर्ब ३७ करोड ५८ लाख असुल गर्नुपर्ने



विराटनगरमा **गणेश लम्साल**

सहकारीको रकम अपचलन मुद्दामा विराटनगरस्थित तुलसी बहुमुखी सहकारीका अध्यक्ष केदारनाथ शर्मालाई ६ वर्ष कैद सजाय भएको छ। उनीबाट एक अर्ब ३७ करोड ५८ लाख पनि असुल गर्नुपर्ने अदालतको फैसला छ।

मोरङ जिल्ला अदालतका न्यायाधीश सीता शर्मा अधिकारीको बिहीबारको इजलासले शर्माबाट ६७ करोड ५९ लाख २१ हजार बिगो तथा सोहीबमोजिमको ६७ करोड ५९ लाख २१ हजार जरिवाना र दुई करोड ७० लाख पीडित राहत कोषका लागि असुल गर्न भनेको हो।

सहकारीका सचिव सविना न्यौपाने र क्षेत्रीय प्रबन्धक मन्दीप खवासलाई जनही दुई वर्ष दुई महिना कैद सजाय निर्धारण भएको अदालतका सूचना अधिकारी हेम बुढाथोकीले बताए। खवासले २७ लाख बिगो, २७ लाख नै जरिवाना र पीडित राहत कोषमा

» पृष्ठ २ मा क्रमशः

०५२ मा दर्ता भएको तुलसी सहकारीको स्वामित्व ०७२ मा केदारनाथले खरिद गरेका थिए। तुलसीले झापाको दमक, उदयपुरको गाईघाट र सिराहाको गोलबजारमा पनि शाखा सञ्चालन गर्दै आएको थियो।

नेपाल वनस्पति घ्यू तेल उत्पादक संघ

प्रेश-विज्ञप्ति

हालैका दिनहरुमा पाम तथा पामोलिन तेलसँग सम्बन्धित विभिन्न राष्ट्रिय दैनिक पत्र पत्रिकाहरुमा प्रकाशित Re Export र टेलिभिजनमा प्रशारित राजश्व सम्बन्धि समाचारका कारण सदस्य उद्योगहरुको व्यवसायिक हक, अधिकार तथा व्यवसायिकता माथि दिर्घकालिन रुपमा गाम्भिर असर पर्ने भएकोले त्यस्तो प्रकारको भ्रामक समाचार राखी आम सर्वसाधारण, उपभोक्ताहरुमा भ्रम सिर्जना भएको प्रति यस संघको गाम्भिर ध्यानकर्षण भएको छ।

यस नेपाल वनस्पति घ्यू तेल उत्पादक संघका सदस्य उद्योगहरुले विगत १७/१८ वर्ष अघि देखी नै Palm Oil Fractionation वाट Fractionation शुरु गरेका थिए। नविनतम अन्तर्राष्ट्रिय प्रविधीमा आधारीत रहेर अन्तर्राष्ट्रिय स्तरको Palm Fractionation Plant वाट Fractionation गरी प्रशोधित पामोलिन तेल उत्पादन गरी आएका छन। हाल सम्म नेपालमा यस किसीमका २७ वटा उद्योगहरु संचालनमा रही करिव रु ५५ अर्व भन्दा वढी पुँजी यस क्षेत्रमा लगानी भै सकेको छ। विश्वव्यापी रुपमा नै प्रशोधन गर्ने उद्योगलाई उत्पादनमुलक उद्योगको रुपमा मान्यता प्रदान गरे अनुरुप नेपालको कानुनले समेत प्रशोधन गर्ने उद्योगलाई उत्पादनमुलक उद्योगको रुपमा वर्गीकरण गरेको सर्वविदितै छ। क्रुड पाम आयल र क्रुड पामोलिनको आयातमा भन्सार दरवन्दीको हार्मोनिक कोड १५११.९०.०० हो भने प्रशोधित पाम तेल र प्रशोधित पामोलिन तेलको भन्सार दरवन्दी हार्मोनिक कोड १५११.९०.१० हो। यस अर्थमा प्रशोधित तेल र तेलको कच्चा पदार्थ अर्थात क्रुड पाम आयल तथा क्रुड पामोलिन अलग अलग वस्तु रहे भएको प्रष्ट हुन्छ।

उद्योगहरुले आयात गर्ने औद्योगिक कच्चा पदार्थको रुपमा रहेको क्रुड पाम आयल र क्रुड पामोलिनको विदेशवाट आयात गर्दा LC खोल्नु अघि "खाद्य प्रविधी तथा गुण नियन्त्रण विभाग" वाट अनिवार्य अनुमति लिई सोहि अनुसारको सोही परिमाणमा कच्चा पदार्थहरु Tanker वाट ढुवानी भई नेपाल आईपुग्दछ। यसरी आयात गरीएको कच्चा पदार्थ खाद्य प्रविधी तथा गुण नियन्त्रण कार्यालयले सम्वन्धित भन्सार नाकामा नमुना संकलन गरी उक्त नमुनालाई आवश्यक परिक्षण गरे पश्चात मात्र भन्सार जाँचपास हुने गरेको छ। के कति कच्चा पदार्थवाट कति परिमाणमा प्रशोधित तेल उत्पादन हुन्छ भन्ने कुराको मापदण्ड उद्योग विभागले तोके वमोजिम हुने निश्चित छ। आयातीत औद्योगिक कच्चा पदार्थवाट उत्पादीत अर्थात प्रशोधित तेल विभागले तोकेको मापदण्ड अनुसार नै उत्पादनको जाँचपास गराएर मात्र विक्री वितरण गर्नुपर्ने वाध्यकारी छ। यस अवस्थामा प्रशोधन गर्ने उद्योगले प्रशोधित तेल आयात गरी पुन: निर्यात गर्नु कतैव: सम्भव छैन।

यसरी नेपालमा स्थापित सदस्य उद्योगहरुले प्रत्यक्ष र अप्रत्यक्ष रुपमा करीव १५,००० को रोजगारी सृजना गर्नुका साथै अरवौं रुपैयाको विदेशी मुद्रा आर्जन गरी आएका छन भने ठुलो रकम विद्युत महशुल वापत भुक्तानी गरेका छन। रिफाईनरी उद्योगको कारण प्याकेजिङ्ग उद्योग संचालनमा समेत ठेवा पुगेको छ। सदस्य उद्योगहरुले उद्योग संचालनका लागी आवश्यक पर्ने विभिन्न सहायक कच्चा पदार्थहरु, धानको भुस समेत उर्जा (Fuel) को रुपमा उपभोग गरीआएको तथ्य कसैवाट छुपेको छैन। यसका साथै SAFTA अन्तर्गत भारत निकाशीमा चि उद्योगहरुले SAFTA ले तोकिदिएको Value Addition Norms अनुसार कम्तिमा २० प्रतिशत भन्दा वढिको Value Addition गरी आफनो उत्पादन निकाशी गरेका कारण राष्ट्रिय कुल निर्यातको ४८ प्रतिशत भन्दा वढि निकाशी गर्न सक्षम रहेको ईतिहास सवैले जानकारीमा राख्ने विषय हो। यसरी सदस्य उद्योगहरुले अमुल्य विदेशी मुद्राको आर्जन गरी नेपालको व्यापार घाटा कम गर्न तथा Balance या Trade मा अतुलनिय योगदान पुरयाईरहेको यथार्थलाई ओझेलमा पारी पामोलिन तेल र पाम आयल Re Export गरेको भनी लगाईको आरोप, तथ्यहिन, असत्य, भ्रामक र आधारहिन समेत रहे भएको ठहर यस संघको रहेको छ। तसर्थ सत्य तथ्य यकिन नगरी, वास्तविकतालाई ग्रुमराहमा राखी भ्रमपुर्ण समाचार, सामग्री प्रकाशन प्रसारण नगर्नु नगराउनु हुन सम्बन्धित सम्पुर्ण सरोकारवालाहरुमा हार्दिक अपिल गर्दछौं।

बाढीले लघुजलविद्युत् बगाएपछि टुकीको भरमा किमाथांका

संखुवासभामा **नवीन गुरुङ**

बाढीले लघुजलविद्युत् बगाउँदा संखुवासभाको उत्तरी विकट भोटखोला गाउँपालिका-१, किमाथांका चार दिनदेखि अन्धकार छ। गाउँका एक सय घरपरिवार टुकी र दियालोको भरमा छन्।

खोङघोप्पा खोलामा रहेको ६० किलोवाटको किमाथांका लघुजलविद्युत् गत १८ जेठको बाढीले बगाएको भोटखोला गाउँपालिका-१,

» पृष्ठ २ मा क्रमशः





संखुवासभाको उत्तरी विकट भोटखोला गाउँपालिका-१, किमाथांकाको खोङघोप्पा खोलामा रहेको ६० किलोवाटको किमाथांका लघुजलविद्युत्को बाँध र मुहान १८ जेठको बाढीले बगाएको छ (बायाँ)। १०५ घर रहेको किमाथांकाको जनसंख्या ५७९ मात्र छ। तीमध्ये तीन सयजना गाउँमा स्थायी रूपमा बसिरहेका छन्। बाढीले लघुजलविद्युत् बगाएपछि उनीहरू टुकी र दियालोको भरमा छन्। 'मुहान र बाँध सबै बाढीले तहसनहस बनाएको छ। अब कहिले बन्छ थाहा छैन, यो बर्खा त टुकीमै बित्लाजस्तो छ। आगो बालेर बेलुकी खाना खान्छौं, अर्को विकल्प नै छैन,' स्थानीय पासाङ छिरिङ लामाले भने।

NIMB
नेपाल उन्मोष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

अध्यक्ष शर्मा...

पृष्ठ १ बाट क्रमशः

एक लाख आठ हजार जम्मा गर्नुपर्नेछ। सचिव न्यौपानेको हकमा भने बिगो र जरिवाना तोकिएको छैन। तर, पीडित राहत कोषमा ६ सय रुपैयाँ जम्मा गर्नुपर्ने अदालतको फैसला छ।

अदालतले गत आइतबार नै शर्मासहित सचिव सविना न्यौपाने र क्षेत्रीय प्रबन्धक सन्दीप खवासलाई दोषी ठहर गरेकामा बिहीबार सजाय निर्धारण भएको हो। सहकारी संकटमा परेपछि अध्यक्ष शर्माले सचिवसमेत रहेकी पत्नी न्यौपानेसँग सम्बन्धविच्छेद गरेका थिए। तीनैजना यसअघि नै पुर्पक्षका लागि थुनामा थिए। यसअघि थुनछेक बहसमा धरौटीमा रिहा भएका उपाध्यक्ष अनिता गौतम र सञ्चालक आदित्यनाथ भट्टराईले भने सफाइ पाइसकेका छन्।

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्वावीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय : बालुवाटार, काठमाण्डौ
फोनः ०१-४४२१८६१/६२/६३

कर्जा चुक्ता नगर्ने ऋणीको धितोमा रहेको चल/अचल सम्पति लिलाम बिक्री गर्न गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सम्बन्धी ७ दिने सूचना

सूचना प्रकाशित मितिः २०८२/०२/२३ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

बोलपत्र पेश गर्ने अन्तिम मिति २०८२/०२/२९ गते कार्यालय समय भित्र

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलका ऋणीहरुले यस डेभलपमेन्ट बैंकको निम्न शाखा कार्यालयबाट विविध कर्जा शीर्षक अन्तर्गत लिई उपभोग गर्ने तपाई ऋणीले यस बैंक सँग गर्नु भएको कर्जाको शर्त सम्झौता बमोजिम समय-समयमा यस बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना र अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्न पटक-पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बुझाउनु पर्ने रकम नबुझाई बैंकसँग गरेको ऋण तथा कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले र पत्र-पत्रिका द्वारा सार्वजनिक सूचना प्रकाशन गर्दा समेत कर्जा चुक्ता नगरेकोले कर्जाको सम्पूर्ण साँवा, व्याज, हर्जाना लगायतका अन्य दै-दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानत कर्ता समेतलाई यसै सूचनाद्वारा पुनः सूचित गर्नुका साथै गोप्य शिलबन्दी बोलपत्रद्वारा चल/अचल सम्पत्ति लिलाम बिक्री गर्नको लागि ७ (सात) दिने सूचना प्रकाशित गरि आह्वान गरिएको छ। तोकिएको समय भित्र कर्जा चुक्ता नभएमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट धितो लिलाम बिक्री (दाखिल खारेज नामसारी प्रयोजनको लागि मात्र) गरि नामसारी गरिने भएकोले सो अवधिमा कार्यालय समय भित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। प्राप्त बोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलीपल्ट वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा बिहानको ११:०० बजे खोलिने हुँदा बोलपत्रदाता वा आधिकारीक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ। तर बोलपत्रदाताको अनुपस्थितीले बोलपत्र खोल्न बाधा पुग्ने छैन। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणीको नाम नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा अन्य कुनै सूचना बिनानै समावेश गरिने समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणीको अन्य चलअचल सम्पत्तिबाट समेत असूल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल

ऋणी/प्रोप्राइटर/जमानिकर्ताको विवरण	जमानीकर्ताको विवरण
१) ऋणीः कालिदेवी कृषि तथा पशुपंक्षी फर्म दर्ता गर्ने कार्यालयः घरेलु तथा साना उद्योग कार्यालय, वागमती प्रदेश, मन्थली, रामेछाप प्रा.फ.र.नं.: ३६२९/०७७/०७८, दर्ता मितिः २०७७/०७/२४ पान नं. ६१४२१०२२४ फर्मको ठेगाना : मन्थली -०९, रामेछाप **प्रोप्राइटर/जमानीकर्ताको नामः सुमित्रा राय** बाबुको नामः रामबहादुर राय पतिको नामः अर्जुन बहादुर बुढाथोकी ससुराको नामः भक्त बहादुर बुढाथोकी क्षेत्री ठेगानाः रामेछाप-०३, रामेछाप हालः मन्थली-०९, रामेछाप ना.प्र.नं.: ४८१५१/१७८३९, जारी मितिः २०५७/०९/१० जारी गर्ने कार्यालयः जि.प्र.का., रामेछाप **कर्जा लिएको शाखा : मन्थली, रामेछाप**	**क) नामः अर्जुन बहादुर बुढाथोकी** बुवाको नाम : भक्त बहादुर बुढाथोकी क्षेत्री बाजेको नाम : मान बहादुर बुढाक्षेत्री ठेगानाः पुरानागाउँ-०१, रामेछाप हालः मन्थली-०९, रामेछाप ना.प्र.नं.: ३७०२७/२११०३८/४००६, जारी मिति : २०५४/०७/११ जारी गर्ने कार्यालय : जि.प्र.का., रामेछाप **ख) नामः भक्त बहादुर बुढाथोकी** बुवाको नामः मान बहादुर बुढाक्षेत्री बाजेको नामः प्रतिमान बुढाक्षेत्री ठेगानाः पुरानागाउँ-०१, रामेछाप हालः मन्थली-०९, रामेछाप ना.प्र.नं.: २०१५०-२११०३८, जारी मितिः २०४८/११/११ जारी गर्ने कार्यालयः जि.प्र.का.,रामेछाप
सुरक्षणमा रहेको धितोको विवरणः श्री मालपोत कार्यालय रामेछापमा भक्तबहादुर बुढाथोकीको नाममा दर्ता कायम रहेको रामेछाप जिल्ला, पुरानागाउँ-०३/ख स्थित कि.नं. ८९, १०८, ९१, ११५, १०२, १०३, ११८ को क्षेत्रफल क्रमशः १३७५.१९, ५२१४.५८, ८०८.८२, १५००.३९, ४९०.८५, १६८.९२, ९४९.९१ व.मी. तथा पुरानागाउँ-०६/क स्थित कि.नं. ८४, २५०, २४९, ८१, २१० को क्षेत्रफल क्रमशः ७७९.०१, १०४९.२८, १२७१.८५, १०८५.०५, ५०८.७४ व.मी.का घर/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	**ग) नामः बिष्णु माया बुढाथोकी** पतिको नाम : भक्त बहादुर बुढाथोकी ससुराको नामः मान बहादुर बुढाक्षेत्री ठेगानाः पुरानागाउँ-०१, रामेछाप हालः मन्थली-०९, रामेछाप ना.प्र.नं.: १७६४-२११०३८, जारी मितिः २०४४/११/२५ जारी गर्ने कार्यालय :जि.प्र.का.,रामेछाप **घ) नाम : इश्वर बहादुर बुढाथोकी** बुवाको नाम : भक्त बहादुर बुढाथोकी बाजेको नाम : मान बहादुर बुढाक्षेत्री ठेगानाः पुरानागाउँ-०१, रामेछाप हालः मन्थली-०९, रामेछाप ना.प्र.नं. : २१३०३८-२१०, जारी मितिः २०६३/१०/२० जारी गर्ने कार्यालय :जि.प्र.का., रामेछाप

ऋणी/संचालक/जमानीकर्ताको विवरण	जमानीकर्ताको विवरणः
२) ऋणीः माहाकाली फर्निचर उद्योग दर्ता गर्ने कार्यालयः घरेलु तथा साना उद्योग कार्यलय, भरतपुर, चितवन प्रा.फ.द.नं.:४०१/२०६८/०६९, दर्ता मिति : २०६८/१२/१६, पान नं. ३०४८११७९९ ठेगाना : खैरहनी-७, चितवन **प्रोप्राईटर/जमानीकर्ताको नाम : कृष्ण कुमारी श्रेष्ठ** बाबुको नाम : तेज वहादुर श्रेष्ठ पतिको नाम : तिर्थ नारायण श्रेष्ठ सुसुराको नाम : सानु काजि श्रेष्ठ ठेगाना : गितानगर-०६, चितवन, हालः खैरहनी-८, चितवन ना.प्र.नं. : २७३३, जारी मिति : २०४५/०२/१७ जारी गर्ने कार्यालयः जि.का., चितवन **कर्जा लिएको शाखा : टाँडी, चितवन**	**ग) नाम : लक्ष्मी माया श्रेष्ठ** बाबुको नाम : हर्क ब. श्रेष्ठ पतिको नामः सानु काजि श्रेष्ठ ससुराको नाम : तुलसी नारायण श्रेष्ठ ठेगाना : अम्बोटे-१, काभ्रे, हालः खैरहनी-८, चितवन ना.प्र.नं. : ४४६/२८, जारी मिति : २०४६/०१/०३ जारी गर्ने कार्यालय : जि.का, काभ्रे **घ) नाम : बिश्व नारायण श्रेष्ठ** बाबुको नाम : शानु काजी श्रेष्ठ बाजेको नाम : तुलसी नारायण श्रेष्ठ ठेगाना : शिखर आ.-१, काभ्रेपलाञ्चोक, हाल : खैरहनी-८, चितवन ना.प्र.नं.: ३०३०८३/२३९, जारी मितिः २०६३/११/२१ जारी गर्ने कार्यालयः जि.प्र.का, काभ्रेपलाञ्चोक
जमानीकर्ताको विवरण **क) नाम : तिर्थ नारायण श्रेष्ठ** बाबुको नाम : सानुकाजी श्रेष्ठ बाजेको नामः तुलसी नारायण श्रेष्ठ ठेगाना : खैरहनी-८, चितवन ना.प्र.नं. : ८२५०२ काभ्रे, जारी मिति : २०५५/१२/०९ जारी गर्ने कार्यालय : जि.प्र.का, चितवन **ख) नाम : सानुकाजी श्रेष्ठ** बाबुको नामः तुलसी नारायण श्रेष्ठ बाजेको नामः पुन नारायण श्रेष्ण ठेगाना : खैरहनी-८, चितवन ना.प्र.नं. : ३५-०१-७६-०२००१, जारी मितिः २०७६/०२/१३ जारी गर्ने कार्यालय : जि.प्र.का, चितवन	**ङ) नाम : निशा श्रेष्ठ** बाबुको नाम : जहर सिं. तमाङ पतिको नामः विक्रम श्रेष्ठ ससुराको नाम : सानुकाजी श्रेष्ठ ठेगाना : खैरहनी-४, चितवन हाल : खैरहनी-८, चितवन ना.प्र.नं.: ३५१००४/३४, जारी मितिः २०६७/०२/०४ जारी गर्ने कार्यालय : जि.प्र.का, चितवन **सुरक्षणमा रहेको धितोको विवरण :** श्री मालपोत कार्यालय खैरहनी, चितवनमा श्री सानु काजी श्रेष्ठको नाममा दर्ता श्रेस्ता कायम रहेको चितवन जिल्ला, खैरहनी वडा नं. १/क स्थित कि.नं. ५५८८ को क्षेत्रफल १६०.८४ व.मी. को घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

शर्तहरु :

१. बोलपत्र फाराम डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयबाट यस बैंकको सम्बन्धित शाखा कार्यालयको खाता नं. ९३०७४०१०५०१०१" को SDBL– Other Non-Operating Income" मा रु ५००.००(अक्षेरुपी रु. पाँचसय रुपैया मात्र) जम्मा गरी खरिद गर्न सकिनेछ।
२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। बोलपत्र फाराममा आफूले लिन चाहेको चल/अचल सम्पत्तिको विवरण यस डेभलपमेन्ट बैंकबाट प्रकाशित सूचनाको अधारमा भर्नु पर्नेछ।
३. बोलपत्रदाताले आफूले लिन कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुने रकम धरौटी वापत यस डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयमा यस बैंकको सम्बन्धित शाखा कार्यालयको खाता नं. ९२०६५०१०७०५०१ को "SADBL– Auction Deposit (Lilami)" मा Manager's Cheque, Good For Payment Cheque वा नगदै जम्मा गरी सक्कल रसिद यस बोलपत्र फाराम साथ संलग्न गरी यस डेभलपमेन्ट बैंकको सम्बन्धित शाखा कार्यालय वा केन्द्रीय कार्यालयमा रहेको कर्जा असुली इकाईमा पेश गर्नुपर्नेछ।
४. लिलाम बिक्री हुने धितो निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावे कार्यालय समय भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ। साथैं सोहि अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ।
५. बोलपत्र स्वीकृत भएको वा नभएको जानकारी बोलपत्रदातालाई गराईनेछ र बोलपत्र स्वीकृत हुने बोलपत्रदाताले उक्त जानकारी पाए पछि बैंकले तोकेको समय मिति भित्र कबोल गरेको रकममा धरौटी रकम घटाई बाँकी सम्पूर्ण रकम बुझाई उपरोक्तानुसारको चल/अचल सम्पत्तिहरु आफ्नो नाँउमा नामसारी गरि लिनुपर्नेछ। सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ।
६. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन। उक्त धरौटी रकममा कुनै ब्याज दिइने छैन।
७. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।
८. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस डेभलपमेन्ट बैंकमा नै नीहित रहनेछ र अस्वीकृत गर्दा डेभलपमेन्ट बैंकले कुनै पनि कारण खुलाउनुपर्ने छैन।
९. बोलपत्र सदर वा सुरक्षरणमा रहेको धितो नामसारी हुनु अगावे ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी रकम फिर्ता दिन सकिनेछ र उक्त धरौटी रकममा कुनै ब्याज समेत प्रदान गरिने छैन।
१०. अदालत वा अन्य अख्तियार प्राप्त निकायबाट लिलाम रोक्का गर्न आदेश प्राप्त भएमा लिलाम रोक्का गर्न सकिनेछ।
११. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने सम्पूर्ण खर्चहरु स्वयम् बोलकबोल दाताले व्यहोर्नु पर्नेछ।

मन्त्रिपरिषद्को...

पृष्ठ १ बाट क्रमशः

खोजेको अख्तियारको ठहर छ। उद्योगका लागि हदबन्दीभन्दा बढी जग्गा पाउने कानुनी व्यवस्था छ। तर, पतञ्जली हदबन्दी छुट पाउने प्रकृतिको उद्योग थिएन। यद्यपि, उसले २४ मंसिर ०६४ देखि नै जग्गा खरिद सुरु गरेको थियो। त्यसको दुई वर्षपछि मात्रै काभ्रे मालपोत कार्यालयमा झुटा विवरण तयार गरेर हदबन्दी छुट दिन भूमि व्यवस्थापन विभाग (तत्कालीन भूमिसुधार विभाग) मा पठाइएको थियो। ३० मंसिर ०६६ मा विभागले जग्गा खरिद गर्ने तालिका पेस गर्न लगाउने र विधानविपरीत काम हुन गएमा कारबाही गर्ने गरी अनुगमनको संयन्त्र विकास गर्ने व्यवस्था मिलाई कानुनबमोजिम हदबन्दी छुट दिने राय भूमिसुधार मन्त्रालयमा पेस गरेको थियो। २४ पुस ०६६ मा मन्त्रालयले मन्त्रिपरिषद्मा हदबन्दी छुटको प्रस्ताव लग्यो। जबकि त्यसको दुई दिनअघि मात्रै २२ पुसमा मन्त्रिपरिषद् बैठकले नै उद्योग प्रतिष्ठानहरूलाई अधिकतम हदबन्दीभन्दा बढी जग्गा राख्न छुट दिनेसम्बन्धी कार्यनीति, २०६२ निलम्बन (स्थगन) गरेको थियो। मन्त्रालयबाट आएको प्रस्ताव २९ पुस ०६६ को मन्त्रिपरिषद्ले विधेयक समितिमा पठायो। जबकि हदबन्दी छुटसम्बन्धी कार्यक्षेत्र सामाजिक विकास समिति (मन्त्रिपरिषद्कै)मा पर्थ्यो।

विधेयक समितिको संयोजक थिए तत्कालीन कानुनमन्त्री प्रेमबहादुर सिंह। समितिको १८ माघ ०६६ को बैठकले बदनियत राखी पतञ्जलीले साबिकमा गैरकानुनी तवरले खरिद गरिसकेको हदबन्दीभन्दा बढी जग्गालाई वैधानिकता दिने गरी निर्णय गरेको अख्तियारको ठहर छ। 'जुन प्रयोजनका लागि जग्गा खरिद गरिएको हो, सोही प्रयोजनमा मात्र प्रयोग गर्ने र खरिद गरिएको जग्गा बेचबिखन गर्न नपाउने गरी पतञ्जली योगपीठ तथा आयुर्वेद कम्पनी नेपाललाई भूमिसम्बन्धी ऐन, २०२१ को दफा १२ बमोजिम हदबन्दीभन्दा बढी जग्गा खरिद गर्न स्वीकृति दिने' निर्णय समितिले गरेको थियो। मन्त्रिपरिषद्ले यसअघि नै विधेयक समितिबाट भएको निर्णयबमोजिम हुने गरी निर्णय गरिसकेको अवस्थामा समितिबाट टुंगिएपछि कार्यान्वयनमा लगिएको थियो। अख्तियारका अनुसार विधेयक समितिको निर्णय कार्यान्वयनका लागि २४ चैत ०६६ मा काभ्रे मालपोत कार्यालयमा पठाइएको थियो।

अख्तियारको अर्को ठहर छ- हदबन्दी छुटको निर्णय कार्यान्वयनमा जानुअघि नै प्रधानमन्त्रीको निर्देशनमा जग्गा बिक्रीको ठाडो प्रस्ताव र निर्णय भएको थियो। १७ फागुन ०६६ मा पतञ्जलीले हदबन्दीभन्दा बढी जग्गा बिक्री तथा सट्टापट्टा गर्न पाऊँ भनी निवेदन दिएपछि भूमि मन्त्रालयले १ चैतमा सोही प्रस्ताव मन्त्रिपरिषद्मा पेस गरेको थियो। प्रस्तावको निर्णय हुनुपर्ने व्यहोरामा पतञ्जलीको नाममा काभ्रेको नासिकास्थान, महेन्द्रज्योति र चलाल गणेशस्थान गाविसमा दर्ता भएका जग्गा बिक्री गरी सोही क्षेत्रफलबराबरको जग्गा अन्य उपयुक्त स्थानमा खरिद गर्न स्वीकृति दिने उल्लेख थियो। तत्कालीन प्रधानमन्त्री नेपालकै ठाडो निर्देशनमा भूमिव्यवस्थामन्त्री डम्बर श्रेष्ठले मन्त्रिपरिषद्मा प्रस्ताव लगेको र ६ चैतको मन्त्रिपरिषद् बैठकले पतञ्जलीले खरिद गरेको हदबन्दीभन्दा बढी जग्गा बिक्री तथा सट्टापट्टाका लागि स्वीकृति दिने निर्णय गरेको अख्तियारको आरोपपत्रमा उल्लेख छ। अख्तियारका अनुसार मन्त्रिपरिषद्को निर्णयपछि तत्कालीन मुख्यसचिव माधवप्रसाद घिमिरेले कार्यान्वयनका लागि मन्त्रालयलाई र मन्त्रालयले विभागमा जानकारी पठाएको थियो। जबकि यसअघि मन्त्रिपरिषद्ले हदबन्दीमा छुट लिएको जग्गा बेचबिखन गर्न नपाउने निर्णय गरेको थियो।

भूमि सम्बन्धी ऐन, २०२१ को दफा ७ र दफा ८ ले तोकिदिएको हदबन्दीभन्दा बढी जग्गा पतञ्जली नेपालको नाममा लिखत पारित गर्ने-गराउने कार्य उक्त ऐनको दफा १० विपरीतको कार्य भएको अख्तियारको ठहर छ। हदबन्दीभन्दा बढी जग्गा ऐनको दफा ११ बमोजिम जफत तथा सरकारी सार्वजनिक कायम हुने देखिएको दाबीसमेत गरेको छ। हदबन्दीभन्दा बढी जग्गा खरिदमा काभ्रेमा रहेका मालपोत कार्यालय, गुठी संस्थानको शाखा कार्यालयका कर्मचारी, सनराइज बैंकका कर्मचारी तथा पदाधिकारीदेखि भूमिसुधार तथा व्यवस्थापन विभागका कर्मचारी, भूमिसुधार मन्त्रालयका कर्मचारीसम्म संलग्न रहेको अख्तियारको निष्कर्ष छ।

'मिलेमतो र योजनामा राष्ट्रसेवकहरूले आफ्नो ओहोदाको दुरुपयोग गरी-गराई आफ्नो जिम्मामा रहेको सरकारी सार्वजनिक सम्पत्तिको सम्बन्धमा निर्णय निकासा गर्दा-गराउँदा आफू तथा अन्य प्रतिवादीहरूलाई लाभ हुने गरी बदनियत राखी सुरु तहको कार्यालयदेखि नेपाल सरकार (मन्त्रिपरिषद्) सम्मबाट विभिन्न गैरकानुनी निर्णय गरे-गराएको देखिन्छ,' अख्तियारको आरोप-पत्रमा उल्लेख छ। हदबन्दीभन्दा बढीको जग्गा खरिद-बिक्रीसमेतको कार्यमा तहगत संरचना निर्माण गरेर पतञ्जली योगपीठका संस्थापक सिंह र सरकारी सार्वजनिक पदाधिकारीले पद तथा ओहोदाको दुरुपयोग गरी-गराई आफूहरूलाई लाभ र सार्वजनिक संस्थालाई हानि पुऱ्याउने बदनियत राखी भ्रष्टाचारजन्य कसुर अपराध गरेको तथ्य पुष्टि भएको उक्त आरोप-पत्रमा छ।

हदबन्दीभन्दा बढी जग्गा खरिद गर्न गलत लिखत तयार

भूमिसम्बन्धी ऐनको दफा ७ ले जग्गावालाको हैसियतले राख्न पाउने र दफा ८ ले मोहीको हैसियतले कमाउन पाउने जग्गाको अधिकतम हद तोकेको छ। यो हदबन्दीभन्दा बढी जग्गा पतञ्जली योगपीठ तथा आयुर्वेद कम्पनी नेपालको नाममा लिखत पारित गर्ने-गराउने कार्य ऐनको दफा १० विपरीत हुन्छ। यही पारित लिखतबमोजिम जग्गाधनी दर्ता श्रेस्ता र जग्गाधनी प्रमाण पुर्जा तयार गर्ने-गराउने कार्य कानुनसम्मत नदेखिएको अख्तियारको दाबी छ।

'आपसी मिलेमतो तथा योजनामा आफूसमेतलाई लाभ र नेपाल सरकार/सार्वजनिक संस्थालाई हानि पुऱ्याउने बदनियतले हदबन्दीभन्दा बढी जग्गा पतञ्जली योगपीठ तथा आयुर्वेद कम्पनी नेपालको नाममा रजिस्ट्रेसन पारित गर्ने-गराउने गरी गलत लिखत तयार गरे-गराएको तथ्य वारदात स्थापित भएको हुँदा उक्त भ्रष्टाचारजन्य कसुरमा संलग्न प्रतिवादीहरूलाई सजाय हुन अभियोग मागदाबी लिई आरोप-पत्र दायर गरिएको छ,' अख्तियारले भनेको छ।

गैरकानुनी रूपमा हदबन्दीभन्दा बढी जग्गाको लिखत पास गर्ने कार्यमा मालपोत कार्यालय काभ्रेपलाञ्चोकका तत्कालीन मालपोत अधिकृतसहितलाई पनि प्रतिवादी बनाइएको छ। त्यस्तै, गुठी संस्थानको काभ्रेपलाञ्चोक शाखा कार्यालयका प्रमुख वैकुण्ठप्रसाद रेग्मीसहितलाई पनि गलत लिखतको कसुरमा प्रतिवादी कायम गरिएका छन्।

हदबन्दी छुट हुनु एक वर्षअघि नै जग्गा धितो राखेर बैंकबाट १० करोड ऋण

मन्त्रिपरिषद्को हदबन्दी छुटको निर्णयभन्दा एक वर्षअघि नै १५ फागुन ०६५ मा हदबन्दीभन्दा बढीको जग्गा धितो राखेर पतञ्जलीले तत्कालीन सनराइज बैंकबाट १० करोड ऋणसमेत निकालेको थियो। जबकि विधेयक समितिले १८ माघ ०६६ र मन्त्रिपरिषद्ले ६ चैत ०६६ मा मात्रै हदबन्दी छुट दिने निर्णय गरेको थियो। दुई करोड कर्जा सुविधाको सुरक्षणबापत कम्पनीका नाममा रहेको चलाल गणेशस्थानको २०६ रोपनी जग्गा सनराइज बैंकको नाममा लिखत पारित गराइएको थियो। त्यस्तै, मालपोत कार्यालयको फागुन १६ को लिखतबाट पतञ्जलीका नाममा सनराइजबाट स्वीकृत आठ करोडको ओभरड्राफ्ट कर्जा सुविधाको सुरक्षणबापत थप जग्गा राखिएको थियो। जग्गावाला गुठी संस्थान

भूमिसुधार मन्त्रालयका तत्कालीन उपसचिवहरू **कलानिधि पौडेल, गान्धीप्रसाद सुवेदी र हुपेन्द्रमणि केसी**

भूमिसुधार तथा व्यवस्थापन विभागका तत्कालीन उपसचिव **राजाराम थापा**, शाखा अधिकृत **सीताराम पोखरेल** र नासु **बुद्धिबहादुर कार्की**

● कैद तथा सजाय

सार्वजनिक सम्पत्तिको हानिनोक्सानी गरेको कसुरमा बिगो : **१८ करोड ५८ लाख ५० हजार**

रिसवतसम्बन्धी कसुरमा : **१० देखि १४ वर्षसम्म कैद**

काभ्रेपलाञ्चोक मालपोत कार्यालयका तत्कालीन मालपोत अधिकृत **प्रेमबहादुर देसार**

● कैद तथा सजाय

सार्वजनिक सम्पत्तिको हानिनोक्सानी गरेको कसुरमा बिगो : **१८ करोड ५८ लाख ५० हजार**

रिसवतसम्बन्धी कसुरमा : **१० देखि १४ वर्षसम्म कैद**

गलत प्रतिवेदन दिएकामा : **तीन महिनादेखि एक वर्षसम्म कैद र १० देखि ५० हजारसम्म जरिवाना**

काभ्रेपलाञ्चोक मालपोत कार्यालयका तत्कालीन प्रमुख मालपोत अधिकृत **जनार्दन गुरागाईं**, मालपोत अधिकृत **वेदप्रसाद अर्याल**, शाखा अधिकृत **शिवहरि शर्मा सुवेदी**, नासुहरू **विनोद कोइराला, तुलामणि राजभण्डारी, कृष्णप्रसाद सापकोटा** र खरिदार **हरिप्रसाद हुमागाईं**

गुठी संस्थानको काभ्रेपलाञ्चोक शाखा कार्यालयका तत्कालीन कामु कार्यालय प्रमुख **कृष्णहरि भट्टराई**, वरिष्ठ सहायक **पवन आचार्य** र फाँटवाला **माधवप्रसाद होमागाईं**

तत्कालीन सनराइज बैंक लिमिटेडका जुनियर म्यानेजमेन्ट ट्रेनी **एशु मैनाली**, उपप्रबन्धक **मनोज न्यौपाने**, वरिष्ठ सहायक **विक्रान्त कोइराला**, प्रमुख व्यवस्थापक **रविनकुमार नेपाल**, सहायक महाप्रबन्धक **आशा राणा अधिकारी**, जोखिम व्यवस्थापन विभागका प्रमुख **सञ्जयकुमार सिद्धि**, अनुपालन विभागमा कार्यरत **सुनीलरत्न स्थापित** र नायब महाप्रबन्धक **बलराम विष्ट**

पतञ्जली योगपीठ तथा आयुर्वेद कम्पनी नेपाल र कम्पनीका मुख्य भई कामकाज गर्ने संस्थापक सदस्य **शालिग्राम सिंह**

● कैद तथा सजाय

सार्वजनिक सम्पत्तिको हानिनोक्सानी गरेको कसुरमा बिगो : **१८ करोड ५८ लाख ५० हजार**

कैदसजाय : **१० देखि १४ वर्षसम्म कैद**

जग्गा जफत प्रयोजनका लागि पतञ्जली र सुसम्पन्न हाउजिङ तथा २८ जना प्रतिवादी

चौतारामा प्रालिका हदबन्दीभन्दा बढी जग्गा लिएर पतञ्जलीका नाममा लिखत पारित गरेर ५१ लाख हिनामिना गरेकामा १३ जना प्रतिवादी

हिटिचोक सदावर्त गुठीको नाममा दर्ता भई पतञ्जलीको नाममा मोही कायम भएको साँगा र महेन्द्रज्योतिको २५२ रोपनी तीन आना र अर्को ६२ रोपनी १२ आना जग्गा सनराइजका नाममा धितो लिखत पारित गरिएको थियो। पतञ्जलीका नाममा रहेको हदबन्दीभन्दा बढी जग्गा सुरक्षणबापत धितोमा राख्ने गरी तत्कालीन सनराइज बैंकबाट १५ फागुनमा निर्णय भएको थियो। यो प्रकरणमा मुछिएका काभ्रे मालपोतका तत्कालीन कर्मचारीहरू, तत्कालीन सनराइज बैंकका प्रमुख कार्यकारी अधिकृत किशोरकुमार महर्जनसहितलाई पनि प्रतिवादी बनाइएको छ।

पतञ्जली नेपाल दर्ता नै प्रक्रियाविपरीत

पतञ्जली योगपीठ तथा आयुर्वेद कम्पनी नेपाल दर्ता गर्दा नै कानुनी प्रक्रिया पूरा नगरिएको अख्तियारको दाबी छ। कम्पनी ऐन, २०६३ को दफा ४ बमोजिमको आवश्यक कागजात पेस नगरी कम्पनी दर्ता भएको देखिएको छ। विदेशी व्यक्तिहरूसमेत सञ्चालक रहेको मुनाफा वितरण नगर्ने प्रकृतिको कम्पनीको रूपमा सोही ऐनको दफा १६६ अन्तर्गत दर्ता गरेको अख्तियारको आरोप-पत्रमा उल्लेख छ। कम्पनी तथा कम्पनीका मुख्य भई कामकाज गर्ने संस्थापक सदस्य सिंहले सरकारी सार्वजनिक पदाधिकारीसँगको मिलेमतोमा १८ माघ ०६६ मा मन्त्रिपरिषद्ले निर्णय गर्नुअघि नै जग्गा खरिद गरेका थिए।

जग्गा किनबेच कार्यान्वयनमा कर्मचारीले गरेका थिए आनाकानी

पतञ्जलीलाई हदबन्दीभन्दा बढी जग्गा खरिद गर्न दिने र त्यसैलाई पछि किनबेच गर्ने दिने गरी मन्त्रिपरिषद्ले निर्णय गरिदिएपछि यसको कार्यान्वयनमा जटिलता निम्तिएको थियो। मन्त्रिपरिषद्को निर्णय कार्यान्वयनमा कर्मचारीले आनाकानी गरेका थिए। विभागले १७ चैतमा मन्त्रिपरिषद्को निर्णय कार्यान्वयनका लागि मन्त्रालयबाट निर्देशनसमेत माग गरेको देखिएको छ। विवादित विषय भएका कारण मन्त्रिपरिषद्को निर्णय कार्यान्वयनमा आनाकानी गरेपछि विभागका तत्कालीन महानिर्देशक केशरबहादुर बानियाँसँग मन्त्रालयले २४ घण्टे स्पष्टीकरण नै सोधेको थियो। यसपछि विभागले पतञ्जलीको जग्गासम्बन्धी अघिल्लोसहित मन्त्रिपरिषद्को दुवै निर्णयको जानकारी काभ्रेपलाञ्चोक मालपोतलाई पठाएको थियो।

यसपछि १३ वैशाख ०६७ मा पतञ्जलीले जग्गा किनबेचसम्बन्धी मन्त्रिपरिषद्को निर्णय कार्यान्वयनका लागि काभ्रे मालपोतमा निवेदन दिएको थियो। २७ जेठमा कार्यालयले विभागलाई मन्त्रिपरिषद्को निर्णय कार्यान्वयनमा द्विविधा उत्पन्न भएको भन्दै आवश्यक निर्देशन माग गरी पत्राचार गरेको थियो। ९ असारमा सर्तनामाको कागज गराई लिखत पारित गर्न-गराउन विभागमा लेखी पठाउने निर्णय मन्त्रालयले नै गरिदियो। यसैका आधारमा २१ असारमा कार्यालयले मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन गर्ने निर्णय गरी त्यसै दिन पतञ्जलीको नाममा रहेको साँगा महेन्द्रज्योति गाविसको ३१४ रोपनी १५ आना जग्गा मनु घिमिरेसहित आठजनाका नाममा पारित गरिदिएको थियो।

३१४ रोपनी १५ आना २ पैसा १ दाम जग्गा व्यक्तिहरूलाई बिक्री

जग्गा बिक्री नहुँदै ०६७ मा बैंकले नै पतञ्जलीसँग सम्बन्धित मनु घिमिरेलगायतका व्यक्तिहरू जग्गाधनी भनी काभ्रेपलाञ्चोक मालपोत कार्यालयलाई पतञ्जलीको साबिककै कर्जाबापत 'रिमोर्टगेज'का लागि पत्राचार गरेको थियो। अनेकौं प्रपञ्चबाट जफत तथा सरकारी सार्वजनिक कायम हुने ३१४ रोपनी १५ आना २ पैसा १ दाम जग्गा विभिन्न व्यक्तिहरूलाई बिक्री गरिएको अख्तियारको आरोप-पत्रमा उल्लेख छ। 'सनराइज बैंक लिमिटेडको पत्र तथा मन्त्रिपरिषद्को ६ चैत ०६६ को निर्णयअनुसार जफत तथा सरकारी सार्वजनिक कायम हुने ३१४ रोपनी १५ आना २ पैसा १ दाम जग्गा मनु घिमिरेसमेत आठजना विभिन्न व्यक्तिहरूलाई बिक्री गरी-गराई निजी प्रयोग प्रचलनमा हुने गरी हस्तान्तरण गरे-गराएको तथ्य स्थापित भएको हुँदा उक्त भ्रष्टाचारजन्य कार्यमा संलग्न प्रतिवादीहरूलाई सजायको मागदाबी लिई आरोप-पत्र दायर गरिएको छ,' अख्तियारले भनेको छ।

एकीकृत समाजवादीले भन्यो– योजनाबद्ध षड्यन्त्र रचेर प्रतिशोध साधियो, कानुनी उपचारमा जान्छौँ

अख्तियारले मुद्दा दर्ता गर्दैगर्दा नेपाल पार्टी कामको सिलसिलामा रौतहटमा थिए। मुद्दा दर्ता भएको थाहा पाएपछि तत्कालै काठमाडौं फर्किएर पार्टीको अनौपचारिक बैठक राखे। पार्टी कार्यालय आलोकनगरमा बसेको उपलब्ध नेताहरूको बैठकले राजनीतिक प्रतिशोधले मुद्दा दायर गरिएको ठहर गरेको छ। विगतदेखि नै पार्टी र नेताहरूविरुद्ध चलेको षड्यन्त्रको सिलसिलाअनुसार अध्यक्षमाथि पूर्वाग्रही ढंगले प्रतिशोध साधिएको निष्कर्ष निकालेको छ। बैठकपछि उपाध्यक्ष एवं प्रचार विभाग प्रमुख प्रकाश ज्वालाले भने, 'पार्टीलाई कमजोर बनाउन प्रतिशोध साध्ने काम भयो। यो गलत, योजनाबद्ध र षड्यन्त्रपूर्वक हो। नबिराउनु, नडराउनु। अध्यक्षले भ्रष्टाचार गर्नुभएको हो कि अनियमितामा जोडिनु भएको हो कि भन्ने भ्रम पाल्नुपर्दैन,' उनले भने, 'मुद्दा दायर भएको अवस्थामा कानुनी प्रक्रिया पूरा गरेर अगाडि बढ्छौं। अदालतबाट क्लिनचिट लिएर आउँछौं।'

अख्तियारले नै यसअघि तामेलीमा राखेको थियो उजुरी

पतञ्जलीले काभ्रेमा हदबन्दीभन्दा बढी जग्गा खरिद गरेर बेचबिखन गर्नुका साथै जग्गा बैंकमा धितो राखेको उजुरी अख्तियारमा उतिवेलै परेको थियो। तर, अख्तियारको २५ मंसिर ०६९ को बैठकले उजुरी तामेलीमा राख्ने निर्णय गरेको थियो।

'पतञ्जली योगपीठको हदबन्दीसम्बन्धी विषयबाहेक अन्य विषयवस्तु आयोगको क्षेत्राधिकारभित्रको विषयसमेत नभएको हदबन्दी छुटको जग्गा बिक्री गर्न र खरिद गर्न नेपाल सरकारले नै छुट दिएको अवस्था देखिएकोसमेत हुँदा यसमा थप केही गरिरहन पर्ने देखिँदैन,' आयोगको निर्णयमा भनिएको छ, '५ वर्षभित्र खरिद गरिसक्नुपर्ने भन्ने नेपाल सरकारको निर्णय देखिँदा यसको रेकर्ड राख्न एवं अनुगमन गर्न जग्गा बिक्री भएको मालपोत कार्यालय काभ्रेलाई लेखी पठाई उजुरी फाइल तामेलीमा राख्ने।'

यो निर्णय गर्दा अख्तियारको प्रमुख आयुक्तमा लोकमानसिंह कार्की थिए। सर्वोच्च अदालतले उनी प्रमुख आयुक्त हुनै अयोग्य रहेको फैसला गरिदिएपछि उनको औपचारिक अभिलेख अख्तियारमा छैन।

जग्गा खरिद हिनामिनामा त्यतिखेर अख्तियारले प्रारम्भिक अनुसन्धान गरेको पनि देखिन्छ। मन्त्रिपरिषद्को निर्णयका आधारमा पतञ्जलीले काभ्रेको नासिका गाविसस्थित ३१३ रोपनी १३ आना जग्गा चार करोड २२ लाख ५० हजार रुपैयाँमा बिक्री गरेको देखिएको तामेलीसम्बन्धी निर्णयमै उल्लेख छ। बिक्री गरेको जग्गाबाट एक करोड ७७ लाख रुपैयाँबराबरको जग्गा खरिद गरिसकेको र अरू जग्गा खरिद गर्ने प्रक्रियामा रही बैनासमेत गरेको अवस्था देखिएको अख्तियारको निर्णयमा उल्लेख छ। बिक्री गरिएको जग्गा सनराइज बैंकमा धितो राखिएकोलगायतका विषयमा राष्ट्रिय सतर्कता केन्द्रले समेत छानबिन गरेको र केन्द्रले अन्यथा उल्लेख गरेकोसमेत नपाइएको तामेलीसम्बन्धी निर्णयमा भनिएको छ।

पतञ्जलीमा मुख्य मालिक रामदेव र बालकृष्ण जोगिए

पतञ्जली योगपीठ तथा आयुर्वेद कम्पनी नेपाल मुनाफा वितरण नगर्ने कम्पनीका रूपमा २० असोज ०६४ मा नेपालमा दर्ता भएको थियो। यसको संस्थापक पाँचजना छन्। जसमा संरक्षक स्वामी रामदेव, अध्यक्ष आचार्य बालकृष्ण र सदस्यहरू राजेन्द्र दास, राजेन्द्र सिंह र शालिग्राम सिंह रहेका छन्। रामदेव, बालकृष्ण, दास र शालिग्रामको उपस्थितिमा २३ असोज र २३ कात्तिक ०६४ मा बसेको बैठकबाट कम्पनीको स्थायी लेखा नम्बर प्राप्त गर्नेदेखि नेपालमा कम्पनीका नाममा आश्रयस्थल निर्माण तथा अन्य कार्यका लागि चलअचल सम्पत्ति खरिद तथा बिक्री गर्न रजिस्ट्रेसन नामसारी, बैंकसम्बन्धी आर्थिक अधिकारलगायतका सम्पूर्ण कामकारबाही गर्न शालिग्रामलाई अख्तियार दिएको थियो। शालिग्रामले आफू वा अन्यलाई अख्तियार दिई कानुनबमोजिम गर्नुपर्ने सम्पूर्ण कार्य गर्नका लागि अख्तियारवाला नियुक्त गर्ने गरी निर्णय भएको देखिन्छ।

बयानका क्रममा पनि सिंहले हदभन्दा बढी जग्गा खरिद-बिक्रीलगायतका सम्पूर्ण कार्य आफैँले गरेको स्वीकार गरेका छन्। आफूले गरेका कार्यको मौखिक/अनौपचारिक जानकारी संस्थापकहरूलाई गराएको उनको बयान छ। छानबिनका क्रममा अख्तियारले रामदेव र बालकृष्णलाई पनि बयानका लागि पत्र पठाएको थियो। पत्र उनीहरूका नाममा तामेलसमेत भएको थियो। पत्रको जवाफमा उनीहरूले यस प्रकरणमा आफूहरू संलग्न नभएको र नेपाल प्रतिनिधि नै जिम्मेवार भएको दाबी गरेका थिए। पछि थप प्रमाण देखिएको अवस्थामा अरू संस्थापकमाथि पनि अनुसन्धान गर्ने निर्णय अख्तियारले गरेको छ।

नेपालमा पतञ्जलीका २१ कम्पनी, प्रहरीले छुट्टै अनुसन्धान गर्ने

पतञ्जली योगपीठ तथा आयुर्वेद कम्पनी नेपाल हाल पतञ्जली योगपीठका रूपमा सञ्चालनमा छ। कम्पनीका नाममा विभिन्न स्थानमा रहेका हदभन्दा बढी जग्गा तथा विभिन्न नाममा खोलिएका कम्पनीका हकमा अलग्गै अनुसन्धान गर्ने निर्णय अख्तियारले गरेको छ।

अख्तियारका अनुसार पतञ्जली योगपीठ तथा आयुर्वेद कम्पनीले गैरकानुनी तवरले काठमाडौं उपत्यका, काभ्रे, स्याङ्जा, पाँचथरलगायत देशका विभिन्न स्थानमा हदभन्दा बढी जग्गा खरिद गरेको छ। ती जग्गा निजी प्रयोग र व्यक्ति तथा कम्पनीका नाममा हस्तान्तरण भएको देखिएका छन्।

फरक-फरक जिल्लामा विभिन्न नाम गरेका २१ कम्पनी पतञ्जली योगपीठसँग प्रत्यक्ष-अप्रत्यक्ष संलग्न रहे-भएको व्यक्तिहरूका नाममा स्थापना गरिएको देखिएका छन्। ती कम्पनीका नाममा हदभन्दा बढी जग्गा खरिदसमेत गरे-गराएको देखिएको छ। हाल पतञ्जली योगपीठले ती कृत्रिम कम्पनी खरिद गरेको देखाई कम्पनीहरूसँग रहेको हदभन्दा बढी जग्गा प्राप्तसमेत गरेको अख्तियारको दाबी छ। यसमा अक्कलबहादुर कुँवर, प्रदीप लामा र दामोदर भण्डारीसमेतको संलग्नता देखिएको अख्तियारले उल्लेख गरेको छ। यसतर्फ छुट्टै अनुसन्धान अधिकृत तोक्ने गरी अख्तियारले निर्णय नै गरिसकेको छ।

रेमिटच्यान्सका रूपमा पतञ्जलीले ल्याएको अर्बौं रकम गोलमाल

पतञ्जली योगपीठ तथा आयुर्वेद कम्पनी नेपालले एसबिआई र एभरेष्ट बैंकलगायतका नेपालमा रहेका बैंक तथा वित्तीय संस्थामा गैरकानुनी तरिकाले रेमिट्यान्ससमार्फत अर्बौं रकम प्राप्त गरेको अनुसन्धानबाट देखिएको छ। तर, ती रकम प्राप्त गर्दा नेपाल राष्ट्र बैंक, समाज कल्याण परिषद् लगायतका निकायबाट कानुनबमोजिम अनुमति लिएको नदेखिएको अख्तियारको आरोपपत्रमा उल्लेख छ। 'उक्त रकम पतञ्जली योगपीठ तथा आयुर्वेद कम्पनी नेपालको बैंक खातामा आएको, उक्त रकमको खर्चको हरहिसाब स्पष्ट रूपमा देखिँदैन,' अख्तियारले भनेको छ। यो विषय बैंकिङ कसुर तथा सजाय ऐन, २०६४, विदेशी विनिमय ऐन, २०१९, राष्ट्र बैंक ऐन, २०५८ लगायतको प्रचलित कानुनको समेत प्रतिकूल रहेको अभियोगमा उल्लेख छ। यसतर्फ अनुसन्धान गर्न उपयुक्त देखिएको भन्दै आवश्यक प्रक्रिया थाल्न सिआइबीलाई सुझाव पठाउने निर्णय अख्तियारले गरेको छ।

लिलामी बिक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : २०८२/०२/२३

यस सा व उ स वाट संकलित साल चिरान काठ ३७.६९ क्यू फिट लिलाम विक्री गर्नु परेकोले सुचीकृत उद्योगहरूलाई यो १५ दिने सूचना प्रकाशित गरिएको छ।थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ।

दुवादुङ्गा सा. वन उपभोक्ता समूह, व्यास ९, तनहूँ।

बाढीले...

पृष्ठ १ बाट क्रमशः

किमाथांकाका वडाध्यक्ष नर्बु च्याबाले बताए। बाढीले लघुजलविद्युत्को बाँध र मुहान बगाइदिएको छ। किमाथांकाका स्थानीय पासाङ छिरिङ लामाले दुर्गम ठाउँमा राष्ट्रिय प्रसारण लाइनको बिजुली नहुँदा लघुजलविद्युत्को भरमा रहे पनि बाढीले बगाइदिएपछि समस्या थपिएको बताए। किमाथांका संखुवासभाको सबैभन्दा दुर्गम र विकट क्षेत्र हो। त्यहाँ १०५ घर छन् भने जनसंख्या ५७९ मात्र छ। तीमध्ये तीन सयजना मात्र गाउँमा स्थायी रूपमा बसिरहेका छन्।

■ कृषि अनुदानको एक करोड वितरणमा अनियमितता

मधेश प्रदेशकी तत्कालीन कृषिसचिव डा. नम्रता सिंह भ्रष्टाचारी ठहर

तीनजनालाई एक वर्ष कैद, जनही २५ लाख जरिवाना

डा. नम्रता सिंह : पूर्वसचिव, मधेश प्रदेश

शंकरप्रसाद साह : वरिष्ठ कृषि अर्थविज्ञ तथा कृषि ज्ञान केन्द्र धनुषा कार्यालय प्रमुख

लक्ष्मीनारायण यादव : सञ्चालक, युवरानी मत्स्य तथा कृषि फार्म प्रालि

पाँच कर्मचारीले पाए सफाइ

अमरचन्द्र मण्डल, ब्रजेशकुमार साह, रञ्जितकुमार अधिकारी, अविनाशकुमार झा र विकासकुमार साह



अजित अधिकारी/नयाँ पत्रिका

मधेश प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयकी तत्कालीन सचिव डा. नम्रता सिंह भ्रष्टाचार मुद्दामा दोषी ठहर भएकी छिन्। एक करोड रुपैयाँ अनुदान प्रवाहमा भ्रष्टाचार भएको अरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सिंहसहितका कर्मचारी र कृषि फर्मका सञ्चालकविरुद्ध गत पुसमा मुद्दा दायर गरेको थियो। बिहीबार विशेष अदालतका अध्यक्ष टेकबहादुर कुँवर र सदस्यद्वय रामबहादुर थापा तथा रितेन्द्र थापाको इजलासले आदेश सुनाएको हो।

तत्कालीन सचिव सिंह, मन्त्रालयकै तत्कालीन वरिष्ठ कृषि अर्थविज्ञ तथा कृषि ज्ञान केन्द्र धनुषा कार्यालयका प्रमुख शंकरप्रसाद साह र युवरानी मत्स्य तथा कृषि फार्म प्रालिका सञ्चालक लक्ष्मीनारायण यादवलाई दोषी ठहर गर्दै एक वर्ष कैद, जनही २५ लाख जरिवाना र सोहीबराबरको बिगो असुलउपर गर्न फैसला गरेको छ। साथै, कृषि फार्मबाट थप २५ लाख जरिवाना र सोहीबराबरको बिगो असुलउपर गर्नुपर्ने फैसला भएको छ। सिंह, साह र यादव तथा युवरानी कृषि फार्मबाट थप एक-एक लाख जरिवाना असुल गरी पीडित राहत कोषमा जम्मा गर्नुपर्ने पनि अदालतको फैसला छ। त्यस्तै, युवरानी कृषि फार्म र सञ्चालक यादवबाट थप ४०-४० हजार रुपैयाँ जरिवाना तिराउने फैसला भएको छ। अख्तियारले प्रतिवादी बनाएको अन्य कर्मचारीहरू अमरचन्द्र मण्डल, ब्रजेशकुमार साह, रञ्जितकुमार अधिकारी, अविनाशकुमार झा र विकास साहले भने सफाइ पाएका छन्।

■ नक्कली बैंक ग्यारेन्टी पेस

एक करोड अनुदान वितरण गर्ने बोलपत्रमा युवरानीको मात्रै आवेदन परेको थियो। एउटा मात्रै आवेदन परेको अवस्थामा पनि १० असार ०८० मा बोलपत्र स्वीकृति गरी सात दिनभित्र ११ लाख ३२ हजार 'परफर्मेन्स बन्ड' लिने गरी सम्झौता भएको थियो। तर, परफर्मेन्स बन्डमार्फत जारी गरेको बैंक ग्यारेन्टीसमेत नक्कली भएको अदालतको ठहर छ। अख्तियारले अनुसन्धानका क्रममा जुटाएको प्रमाणअनुसार नेपाल बैंक लिमिटेडले २५ वैशाख ०८१ मा सो कम्पनीलाई बैंक ग्यारेन्टी जारी नभएको पत्राचार गरेको थियो। नक्कली कागजातको सत्य-तथ्य अध्ययन नै नगरी बोलपत्र स्वीकृत गरेको सिंहमाथि आरोप छ।

■ मेसिनरी जडान नगरी अनुदान भुक्तानी

१० असार ०८० मा एक करोड अनुदान प्रवाह गर्ने सम्झौता भएअनुसार सात दिनभित्र मेसिनरी जडान गर्ने र रकम भुक्तानी गर्ने सर्त थियो। तर, सम्झौता भएको पाँच दिनपछि १५ असारमै युवरानी फार्मले कार्य सम्पन्न भएको भन्दै एक करोड अनुदान भुक्तानीका लागि पत्र लेख्यो। त्यसपछि सो फार्ममा मेसिनरी जडान भए-नभएको अनुगमन गर्न कृषि ज्ञान केन्द्रका प्रमुख शंकरप्रसाद साह र कर्मचारीहरू अमरचन्द्र मण्डल, सिकन्दर यादवलगायतले अनुगमन गरेका थिए। त्यसक्रममा मेसिन जडान भइरहेकाले के-कति मेसिन जडान भए भन्ने यकिन नभएको प्रतिवेदन दिइएको थियो। त्यस्तै, इन्जिनियर सिकन्दर यादवले भने जडान भइरहेका मेसिन पनि मापदण्डअनुसार नभएको, प्रमाणित मेसिनहरू नभएको रिपोर्ट दिएका थिए। तर, स्थलगत अनुगमन प्रतिवेदनलाई लत्याउँदै सिंहले नै भुक्तानी उपलब्ध गराउने टिप्पणी लेखेर सदरसमेत गरेकी थिइन्।

युवरानी कृषि फार्मले एक करोड रुपैयाँ भुक्तानी माग गर्दा विभिन्न मेसिनरी आयात गरी जडानसमेत गरेको विवरण उल्लेख थियो। अख्तियारले ती मेसिनरी आयातको सत्य-तथ्य जाँच गर्दा फर्जी प्रज्ञापनपत्र बनाएको खुलेको थियो। अख्तियारले जलेश्वर भन्सार कार्यालयसँग माग गरेको पत्रमा पाँचवटा मेसिनरीको प्रज्ञापनपत्रको मिति र निर्यातकर्ता कम्पनीको नाम नै फरक रहेको भेटिएको थियो।

■ लागत अनुमान तयार गर्दा नै मिलेमतो

मत्स्य विकासका लागि मन्त्रालयबाट एक करोड रुपैयाँ अनुदान वितरण गर्ने कार्यक्रम रहेकोबारे प्रदेश सचिव सिंह र कृषि ज्ञान केन्द्र धनुषाका प्रमुख शंकरप्रसाद साहले स्थानीय युवरानी मत्स्य तथा कृषि फार्म प्रालिका सञ्चालक लक्ष्मीनारायण यादवलाई जानकारी गराएका थिए। सिंह र साहकै योजनामा यादवले युवरानी कृषि फार्मबाट लागत अनुमान तयार गरी पेस गरेका थिए। कानुनविपरीत लागत अनुमान पेस गर्ने कम्पनीलाई नै सचिव सिंहले अनुदान दिने निर्णय गराएर भ्रष्टाचारको बीजारोपण गरेको अख्तियारको दाबी थियो। अदालतले योजना छनोट र लागत अनुमान तयार गर्दादेखि नै भ्रष्टाचारको शृंखला सुरु भएको उल्लेख गरेको छ। 'पर्न आएको प्रस्तावमध्ये खाममा कार्यालयको नाम उल्लेख भएको, तर भित्र प्रस्तावमा मन्त्रालयलाई सम्बोधन गरिएको भनी प्रतिवादी युवरानी मत्स्य तथा कृषि फार्म प्रालिको प्रस्तावलाई पछि समावेश गराउने, छनोट गर्ने, सम्झौता गर्ने' विशेषको फैसलामा उल्लेख छ।

■ सम्पत्ति शुद्धीकरणमा सर्वोच्चको नजिर

प्रतिवादीको नियन्त्रणमा रहेको र खाताको मौज्दातलाई मात्र बिगो कायम गर्न मिल्दैन

शिल्पा कर्ण/नयाँ पत्रिका

सर्वोच्च अदालतले सम्पत्ति शुद्धीकरणको अभियोगमा बिगो निर्धारण विषयमा नजिर कायम गर्दै संयुक्त इजलासबाट भएको पहिलेको सिद्धान्तलाई अमान्य कायम गरेको छ। सर्वोच्चको पूर्ण इजलासले गरेको फैसलाअनुसार अब प्रतिवादीले ऐन लागू भएयता प्रतिवादीको सबै कारोबार रकमका आधारमा बिगो कायम गर्नुपर्नेछ।

हालसम्म प्रतिवादीले कति सम्पत्ति आर्जन गरेको हो भन्ने प्रयोजन र मूल्यांकनका लागि तत्काल ऊसँग वा उसको नियन्त्रणमा कति सम्पत्ति छ त्यसलाई आधार मानिँदै आएको थियो। संयुक्त इजलासले प्रतिपादन गरेको सिद्धान्तअनुसार कति सम्पत्ति थियो वा हुन सक्थ्यो भन्ने अनुमानलाई बिगोको आधार मान्न मिल्दैनथ्यो। नेपाल सरकारविरुद्ध गणेश अर्याल रहेको मुद्दामा उक्त सिद्धान्त प्रतिपादन भएको थियो।



यसमाथि तीन न्यायाधीश सम्मिलित इजलासले भनेको छ, 'कसुरबाट आर्जन गरेको सम्पत्तिको अवैध स्रोत लुकाउन वैध कारोबारमा लगानी गरिसकेको सम्पत्तिलाई वैध मानी बिगो कायम नगर्ने हो भने प्रस्तुत सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐनको उद्देश्य र मनसाय नै निष्क्रिय हुन सक्ने अवस्था सिर्जना हुन सक्नेछ।' अवैध कार्यबाट आर्जित सम्पत्तिलाई शुद्धीकरणको कसुरको दायराभित्र ल्याई बिगो कायम गर्नु विधायिकी मनसाय रहेको ठहर पूर्ण इजलासको छ।

गत वर्ष ८ कात्तिकमा सर्वोच्चको पूर्ण इजलासबाट भएको फैसलाको पूर्णपाठ हालै सार्वजनिक भएको हो। न्यायाधीशहरू सपना प्रधान मल्ल, बालकृष्ण ढकाल र हरिप्रसाद फुयाँलको इजलासले विशेष अदालतको आदेश सदर गर्दै यस्तो यस्तो नजिर कायम गरेको हो। फैसलामा भनिएको छ, 'सम्पत्तिको मूल स्रोत नै दूषित भएपछि सोपश्चात्का कार्यहरू कदापि वैध हुन सक्दैन भन्ने सम्पत्तिसम्बन्धी विधिशास्त्रीय मान्यता रहेको पाइन्छ। सम्पत्ति शुद्धीकरणको कसुरमा समेत यही विधिशास्त्र मान्य हुने देखिन्छ।'

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले अभिषेक र अनिशा गिरीमाथि मुद्दा दायर गरेको थियो। जसमाथि ०७५ असारमै विशेष अदालतबाट फैसला भए पनि ०८० वैशाखमा सर्वोच्चको संयुक्त इजलासले पूर्णमा पठाइदिएको थियो। यो मुद्दामा जटिल कानुनी प्रश्न समावेश रहेकाले पूर्णबाट निरूपण हुनुपर्ने भन्दै उक्त इजलासमा पठाइएको थियो। बिगो निर्धारण र ऐन आउनुअघिको सम्पत्ति गणना गर्ने वा नगर्ने विषयमा न्यायाधीशहरूको एकमत हुन सकेको थिएन। यसमा सम्पत्ति शुद्धीकरण छुट्टै कसुर भए पनि यो आफैँमा एउटा स्वतन्त्र अपराध रहेको फैसलामा छ। सम्पत्ति शुद्धीकरण निवारण ऐन आउनुअघिको सम्पत्ति जोडेर गिरीमाथि बिगो कायम गर्न नहुने फैसला भएको छ। कानुनको भूतप्रभावी असर नहुने भन्दै इजलासले उक्त सम्पत्ति गणना गर्न अस्वीकार गरेको हो।

प्रतिवादीले असुली, कमिसन आदिबाट सम्पत्ति आर्जन गरेको भनी पत्रपत्रिका र समाचारबाट आएका आधारमा मुद्दा दायर गरे पनि मिति किटान गरी, कसलाई प्रभाव परेको हो, क-कसको संलग्नता थियो, उक्त कार्यबाट कति मात्रामा रकम आर्जन गरेको हो, स्वआर्जित सम्पत्ति कति थियो लगायत कुरा वादीले तथ्ययुक्त एवं वस्तुपरक तवरले पुष्टि गर्न नसकेको फैसलामा छ। 'यसरी गैरकानुनी रूपमा आर्जित सम्पत्तिको दूषित स्रोत लुकाउने, चोख्याउने उद्देश्यले स्वामित्व वा नियन्त्रण समर्पण गरेकै आधारमा सम्बद्ध धनलाई सम्पत्ति शुद्धीकरणको कसुरबाट बाहेक गर्दै जाने हो भने अभियुक्तले सजिलै आफ्नो आपराधिक दायित्वबाट उन्मुक्ति पाउने र यसको आडमा अवैध धन सम्पत्तिलाई सहज रूपले शुद्धीकरण गरी वैध बनाउँदै जाने देखिन्छ,' फैसलामा भनिएको छ।

गिरीविरुद्ध विभिन्न आपराधिक गतिविधिमा समावेश भएर आर्जन गरेको सम्पत्ति शुद्धीकरण गरेको अभियोग लगाइएको थियो। यस्तो सम्पत्ति श्रीमती अनिशाका नाममा राखेकाले उनीसमेत प्रतिवादी बनाइएकी थिइन्। गिरीले आफ्नो आम्दानीको स्रोत ठेक्कापट्टा, माछापालन, कृषिजस्ता कुरा उल्लेख गरे पनि कर तिरेको र फर्म दर्ता भएको प्रमाणपत्र, लेखापरीक्षण प्रतिवेदनजस्ता कागजात नरहेका कारण सो कुरा झुटो रहेको दाबी विभागको थियो। विभागले गिरीको सम्पत्ति ठेक्का, कमिसन, तस्करीको कमिसन, व्यापारीबाट गर्ने असुली आदि रहेको भन्दै अभियोगपत्र दायर गरेको थियो। कुल दुई करोड ९४ लाख रुपैयाँभन्दा बढी सम्पत्तिको स्रोत अवैध रहेको दाबी सरकारी पक्षको थियो।

तर, विशेषले कसुर पुष्टि नहुने भन्दै सफाइ दिएको थियो। वैध आयको तुलनामा सम्पत्ति स्वाभाविक नदेखिए पनि विशेषले प्रमाण मूल्यांकनमा त्रुटि गरी सफाइ दिएको भन्दै सरकारी पक्ष पुनरावेदनमा पुगेको थियो। यसमा कस्तो-कस्तो प्रकृतिको रकमलाई बिगो कायम गर्ने भनी प्रश्न उठेको भन्दै यो मुद्दा पूर्णमा पठाइएको थियो।

अब त्रिविमा फास्ट ट्र्याकबाट प्राध्यापक र कर्मचारी भर्ना गरिने

काठमाडौं/ त्रिभुवन विश्वविद्यालयले अब फास्ट ट्र्याकमा प्राध्यापक र कर्मचारी भर्ना गर्ने भएको छ। त्रिविका निमित्त उपकुलपति प्राडा खड्ग केसीले बिहीबार पुल्चोकस्थित इन्जिनियरिङ क्याम्पसमा पत्रकार सम्मेलन गरी त्यसबारे जानकारी दिएका हुन्। उनका अनुसार त्रिभुवन विश्वविद्यालयले एकैपटक ठुलो संख्यामा शैक्षिक जनशक्ति माग गरेको छ। त्रिविले बुधबार सूचना प्रकाशन गर्दै एक हजार ४४२ प्राध्यापकसहित शिक्षक माग गरेको छ। जसमा ४५० सहप्राध्यापक, आठ सय उपप्राध्यापक र १९२ प्राध्यापक माग गरिएको छ।

यसअघि त्रिविले ५५० कर्मचारी माग गरेकोमा २१ हजारले दरखास्त दिएका छन्। त्रिविका निमित्त उपकुलपति प्राडा केसीले ठुलो संख्यामा शैक्षिक जनशक्ति माग गरिएको र उक्त जनशक्ति लोकसेवाको माध्यमबाट लिइने बताए। 'बिसौं वर्षको अन्तरालपछि त्रिविले यति ठूलो संख्यामा शैक्षिक जनशक्ति माग गरेको छ, यो पूर्ण लोकसेवाबाट आउने जनशक्ति हो,' उनले भने, 'करारले पनि खुला प्रतिस्पर्धाबाट पास गरेर आउनुपर्नेछ, त्यसै विश्वविद्यालयमा पढाउन पाइँदैन, यो युवा पुस्ताका लागि अवसर पनि हो।'

फास्ट ट्र्याकबाट सयजना नियुक्ति गरिने र जसमा १७५ अंक जर्नलमा लेख प्रकाशन, पुस्तक तथा अनुसन्धान पेपरबापत जोडिनेछ भने अनुभवमा ५ अंक र अन्तर्वार्तामा २० अंक राखिएको उनले बताए। नोट प्रक्रियामा विदेशी विज्ञलाई समेत सामेल गराइने केसीको भनाइ छ।

■ रविको मुद्दाबारे अधिवक्ताहरूको 'ब्रिफिङ'

'मुद्दा कानुनीभन्दा बढी राजनीतिक, गलत नियतका साथ आकर्षित नहुने अभियोग लगाइयो'

नयाँ पत्रिका

कानुन व्यवसायीहरूले सहकारीको बचत हिनामिना प्रकरणमा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले खेपिरहेको मुद्दाबारे 'ब्रिफिङ' गरेका छन्। लामिछानेको विचाराधीन मुद्दाको बहसमा संलग्न कानुन व्यवसायीहरूले बिहीबार रास्वपा केन्द्रीय कार्यालय वनस्थलीमा पार्टीका पदाधिकारी, केन्द्रीय सदस्यहरू, सांसदहरू र पार्टीसँग आबद्ध कानुन व्यवसायीलाई 'ब्रिफिङ' गरेका हुन्।

रास्वपा कानुन विभागका अनुसार 'ब्रिफिङ'मा वरिष्ठ अधिवक्ता सुशीलकुमार पन्त, रमण श्रेष्ठ, मेघराज पोखरेल, सुरेन्द्र थापा, अधिवक्ताहरू दीपेन्द्र झा, डा. नारायणदत्त कँडेल, राजेन्द्र सेढाईं, सुदीज्ञ पन्त र सञ्जल गोले सहभागी थिए। पन्तले संसदीय छानबिन विशेष समितिको प्रतिवेदनको निष्कर्षविपरीत मुद्दा लगाइएको, लामिछानेले कुनै पनि सहकारीमा ऋण लिन निवेदन नदिएको, सहकारीबाट उनको बैंक खातामा पैसा नआएको र लामिछानेले गोर्खा मिडियाको प्रबन्ध निर्देशकका रूपमा कम्पनीको खातामा रहेको पैसा खर्च गरेको हकमा आकर्षित हुँदै नहुने फौजदारी अभियोग लगाइएको बताए। मुद्दा कानुनीभन्दा बढी राजनीतिक भएको उनले ब्रिफिङ गरेका थिए। मुद्दाले गोर्खा मिडियाको सम्पत्ति बिक्री गरेर बचतकर्ताको रकम फिर्ता गर्ने सम्भावनासमेत टारिदिएको पन्तको भनाइ थियो। उनका अनुसार मुद्दामा बचत फिर्ताको माग नै गरिएको छैन।

वरिष्ठ अधिवक्ता थापाले रवि लामिछाने सुरुदेखि नै सम्बद्ध रहेर ठगी गरे भन्ने भाष्य स्थापित गराउन खोजिएको बताए। 'तर, उहाँ ती सहकारीमा सम्बद्ध रहेको प्रमाण कहीँकतै छैन, पैसा ल्याएको त परै जाओस्। गोर्खा मिडियामा पैसा ल्याएर सम्पत्ति शुद्धीकरण गरेको भन्दै सम्पत्ति शुद्धीकरणको समेत मुद्दा लगाइयो। यो मुद्दाचाहिँ सांसद पद निलम्बन गर्नैका लागि हो,' उनले भने।

वरिष्ठ अधिवक्ता पोखरेलले नथुन्नुपर्ने केसमा थुनेर वैकल्पिक राजनीतिक शक्तिको घाँटी निमोठ्ने काम भएको बताए। 'नथुन्नुपर्ने केसमा थुनियो। सहकारीको पैसा कानुनविपरीत कम्पनीमा आयो र त्यसलाई गोर्खा मिडियाले जिबी राईको सर्ट टर्म लोन भनेर भनेपछि कम्पनी त ऋणी भएन, भए पनि जिबी होलान्। रविलाई किन तानेको ? राजनीतिमा वैकल्पिक शक्ति आएको थियो, घाँटी निमोठ्ने काम भयो,' उनले भने। संसदीय छानबिन विशेष समितिले रकम ल्याउन रविको संलग्नता छैन भनेको उल्लेख गर्दै पोखरेलले भने, 'तर, उच्च अदालत तुलसीपुरको बुटवल इजलासको आदेशमा रवि लामिछानेको योजना, सहभागिता र संगठित प्रयासमा पैसा आएको भनिएको छ। तर, त्यसलाई पुष्टि गर्ने प्रमाणबारे केही उल्लेख छैन।'

अधिवक्ता कँडेलले सहकारीको बचत अपचलनसँग सम्बन्धित कुनै प्रमाण नभए पनि मुद्दा गोर्खा मिडियामा रहँदा लामिछानेले गरेका कामका आधारमा चलाइएको बताए। 'त्यसैले मुद्दाको उठान नै गलत नियतका साथ गरिएको छ। जिवी राईले गरेका अपराधमा रविलाई फसाउन खोज्नु राजनीतिक दुराशय हो,' उनले भने। अधिवक्ता झाले सहकारीको सदस्य नै नरहेको मान्छेले कसरी सहकारीको बचत अपचलन गर्न सक्छ भनेर प्रश्न गरे। अधिवक्ता सेढाईंले मुद्दामा तथ्यभन्दा राजनीतिक गन्ध बढी रहेको बताए। 'सर्वोच्चको आदेशमा थुनामै पठाउनुपर्ने जुन कारण दिइएको छ, त्यसमा विश्वासयोग्य आधार छैन,' उनले भने। अधिवक्ता सुदीज्ञ पन्तले लामिछानेलाई लगाइएका अभियोगबारे विस्तृत समष्टिगत विवरण पेस गरेका थिए।

नबिल बैंक लिमिटेडको, तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मितिः २०८२/०२/२३)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृतिपत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेतागर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ताभुक्तानगर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ताभुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी तथा अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ताभुक्तान नगरेमा ऋणकर्जा रकम ऋणी तथा जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चलअचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलामबिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुलउपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुल न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी तथा जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधीभित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ताभुक्तान गर्नका लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम आवश्यक व्यवस्था गरी बैंकले आफ्नो लेना असुलउपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

१ **ऋणीको नाम र ठेगानाको विवरण (कुमारीपाटी शाखा, ललितपुर)**

मोतिलाल शर्मा (खतिवडा)की छोरी गणेश बहादुर बस्नेतकी बुहारी केदार बस्नेतकी श्रीमती ललितपुर जिल्ला ठेचो गा.वि.स. वडा नं. ०९ बस्ने, ना.प्र.नं. ३४०९० (जारी मितिः २०६१/१२/२३, स्थानः ललितपुर) भएकी **कालिका बस्नेत।**

व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण

१. भक्त बहादुर बस्नेतको नाति गणेश बहादुर बस्नेतको छोरा ललितपुर जिल्ला ठेचो गा.वि.स. वडा नं. ०९ बस्ने, ना.प्र.नं. ६१४६५ (जारी मितिः २०५४/०२/१७, स्थान ललितपुर) भएका **केदार बस्नेत।**

२. भद्र बहादुर खत्रीकी छोरी मोतिलाल शर्मा (खतिवडा)की बुहारी गणेश बहादुर बस्नेतकी श्रीमती ललितपुर जिल्ला ठेचो गा.वि.स. वडा नं. ०९ बस्ने, ना.प्र.नं. २/१०५० (जारी मितिः २०४४/१०/२२, स्थान ललितपुर) भएकी **कान्छी बस्नेत।**

२ **ऋणी फर्म र फर्मको प्रोपाईटरको नाम र ठेगानाको विवरण (कुमारीपाटी शाखा, ललितपुर)**

प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागमा मिति २०७६/०५/२४ मा प्रा.फ.र.नं. १५०९६०/०७६/७७, समुन्द्रपार आयात निर्यात अन्तर्गत दर्ता भएको **भ्यानिटी नेपाल।**

ठेगानाः काठमाडौं जिल्ला कागेश्वरी मनोहरा न.पा वडा नं. ०९, सनसिटी।

ऋणी फर्मका प्रोपाईटरको नाम र ठेगानाको विवरणः

दिनाकर थापाकी नातिनी अर्जुन सिंह थापाकी छोरी काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. १४ बस्ने, ना.प्र.नं. २७१०६०/१२०३० (जारी मिति २०६४/०८/१०, स्थान काठमाडौं) भएकी **बिट्टु थापा।**

व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण

रघु विर थापाको नाति दिनाकर थापाको छोरा स्याङ्जा जिल्ला चण्डीकालिका गा.वि.स. वडा नं. ०७ स्थायी घर भई हाल काठमाडौं जिल्ला काठमाडौं म.न.पा वडा नं. १४ बस्ने, ना.प्र.नं. १५६९ (जारी मितिः २०३३/११/१४, स्थान स्याङ्जा) भएका **अर्जुन सिंह थापा।**

३ **ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण (कोहलपुर शाखा, बाँके)**

प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, नेपालगन्ज बाँकेमा मिति : २०७७-०५-१६ मा प्रा.फा.र.नं.:३२४४८/०७७/०७८ अन्तर्गत दर्ता भएको **प्रवेश शपिङ्ग सेन्टर।**

ठेगाना : बाँके जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं. ०२।

ऋणी फर्मका प्रोप्राइटरः

कृष्णदत्त उपाध्याय पौडेलकी छोरी, टिकाराम हुमागाईंकी बुहारी, माधव हुमागाईंकी श्रीमती बाँके जिल्ला, बागेश्वरी गा वि स वडा नं. ५ स्थायी ठेगाना भई हाल बाँके जिल्ला नेपालगन्ज उ.म.न.पा वडा नं. ०२ बस्ने, ना.प्र.नं. २/१०४६ (जारी मितिः २०६०/०९/१८, स्थान बाँके) भएकी **लक्ष्मी हुमागाई।**

४ **ऋणीको नाम र ठेगानाको विवरण (बालाजु शाखा, काठमाडौं)**

देव बहादुर पौडेलको नाति ओम बहादुर पौडेलको छोरा गुल्मी जिल्ला, मरभुङ गा.वि.स. वडा नं. ७ स्थायी घर भई हाल काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. ३२ बस्ने, ना.प्र.नं. ४११०७०/१०४४९८ (जारी मिति २०६८/१०/१७, स्थान गुल्मी) भएका **भिम वहादुर पौड्याल।**

व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण

अम्मर बहादुर कार्कीकी छोरी ओम बहादुर पौडेलकी बुहारी भिम वहादुर पौड्यालकी श्रीमति गुल्मी जिल्ला, घमिर गा.वि.स. वडा नं. २ स्थायी घर भई हाल गुल्मी जिल्ला मालिका न.पा. वडा नं. ८ बस्ने, ना.प्र.नं. ४१-२१-७०-००१७९ (जारी मिति २०७०/१२/२७, स्थान गुल्मी) भएकी **इश्वरा कार्की।**

NABIL BANK®

प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

कांग्रेसले अघि सारेको 'उधारो' प्रस्ताव विपक्षीले मानेनन्

संसद् अवरोधको अप्रत्यक्ष फाइदा एमालेले लिइरहेको कांग्रेस नेताहरूको बुझाइ

कमलराज भट्ट/नयाँ पत्रिका

भिजिट भिसामार्फत भइरहेको मानव तस्करी र ठगी प्रकरणले १३ जेठदेखि अवरुद्ध संसद् खुलाउन प्रमुख सत्तारूढ कांग्रेसले अग्रसरता लिएको छ। कांग्रेस पदाधिकारीहरूले निरन्तर विपक्षी दलका नेताहरूसँग छुट्टाछुट्टै छलफल गरिरहेका छन्। बिहीबार पनि कांग्रेस उपसभापति पूर्णबहादुर खड्का, महामन्त्री गगन थापा, गृहमन्त्री रमेश लेखक, प्रमुख सचेतक श्याम घिमिरे, केन्द्रीय सदस्य ज्ञानेन्द्र कार्कीलगायतले विपक्षी माओवादी, रास्वपा र एकीकृत समाजवादीका नेताहरूसँग छलफल गरी सदन खुलाउन प्रस्ताव गरेका छन्। विपक्षीले 'उधारो सहमति' नगर्ने भन्दै प्रस्ताव अस्वीकार गरेका छन्।

सत्ता र प्रतिपक्षीबिच सहमति नजुट्दा बिहीबार पनि प्रतिनिधिसभा अवरुद्ध हुन पुगेको छ। जसकारण बजेटको छलफल प्रभावित भएको छ। विपक्षीको आन्दोलनका बिच सभामुख देवराज घिमिरेले साँझ करिब साढे ५ बजेतिर सुरु गरेको बैठक अवरोधका बिच कार्यसूचीमा प्रवेश नै नगरी स्थगित भयो। अर्को बैठक शुक्रबार १ बजेका लागि तय गरिएको छ।

भिजिट भिसा ठगी प्रकरणमा विपक्षी दलहरूले उच्चस्तरीय छानबिन समिति गठन, गृहमन्त्री रमेश लेखकको राजीनामा र प्रधानमन्त्रीको सदनमा जवाफको माग गर्दै आएका छन्। कांग्रेस नेताहरूले सर्तसहित छानबिन समिति बनाउन सकिने विकल्प विपक्षीसामु प्रस्तुत गरेका छन्। भिजिट भिसामा संसद्को गतिरोधले कांग्रेस र विपक्षी दललाई घाटा भइरहेको र एमालेले अप्रत्यक्ष लाभ लिइरहेको बुझाइमा कांग्रेस पदाधिकारीहरूले विभिन्न विकल्प प्रस्तुत गरेका हुन्।



■ **सन्तोष परियार**
प्रमुख सचेतक, रास्वपा

अख्तियारले हेरेको छ, हेर्न दिऊँ, गृहमन्त्रीलाई बोल्न दिऊँ, त्यसपछि एउटा सहमति गरेर अख्तियारको अनुसन्धानपछाडि समग्र अध्यागमनको रिफर्मको समिति बनाउने छलफल गर्न सकिन्छ भनेर उहाँहरूले राख्नुभयो, हामीले उधारो कुरा हुँदैन भन्यौँ। कुरा मिलेन।

कांग्रेस प्रमुख सचेतक श्याम घिमिरेका अनुसार बिहीबार माओवादी, रास्वपा र एकीकृत समाजवादीसँगको छुट्टाछुट्टै छलफलमा तीनवटा प्रस्ताव गरिएको छ। पहिलो, भिजिट भिसा ठगीलाई अख्तियारको छानबिनलाई पूर्ण हुन दिनुपर्ने। दोस्रो, अख्तियारको छानबिन सकिएपछि अध्यागमनको विषयमा आवश्यक सुधारका लागि छानबिन समिति बनाउने। तेस्रो, यसको प्रतिबद्धता गृहमन्त्री वा सरकारले सदनमा गर्ने।

'भिजिट भिसा प्रकरण अख्तियारलाई छानबिन गर्न दिऊँ, उसले हात हालेको विषय हो। यो संसद्बाट उठेको विषय होइन, अख्तियारले उठाएको विषय संसद्मा आएको हो। त्यसैले अहिले अख्तियारले नै छानबिन गरोस्। अख्तियारले गरिसकेपछि जे-जे कुरामा चित्त बुझ्दैन, कुन-कुन कुराहरू थपेर गर्नुपर्ने हुन्छ, त्यो संसदीय समिति बनाउने कुराको प्रतिबद्धता अहिले गरौँला। सरकारका तर्फबाट मन्त्रीले संसद्मै भन्नुहोला। अख्तियारको यो अभियोजन गर्ने वेलासम्म कुरौँ भन्ने हाम्रो भनाइ रह्यो,' कांग्रेस महामन्त्री गगन थापाले भने, 'तर, उहाँहरू मान्नुभएन।'

प्रमुख सचेतक घिमिरेले पनि अख्तियारको छानबिन सकिसकेपछि अध्यागमनको विषयमा आवश्यक सुधारका लागि राय-सल्लाह दिने हिसाबले समिति बनाउन सकिने कुरा राखिएको बताए। 'उहाँहरूले सल्लाह गर्छौं भन्नुभएको थियो। तर, उहाँहरूको केही कुरा आएको छैन,' उनले भने, 'तैपनि हामी आशावादी छौँ, उहाँहरू सहमतिमा आउनुहुन्छ।'

कांग्रेस पदाधिकारीहरूले माओवादी उपमहासचिव शक्ति बस्नेतलगायत नेताहरूसँग छलफल गरेका थिए। बस्नेतले छानबिनलाई कसरी अगाडि बढाउने भन्नेबारेमा छलफल भएको बताए। प्रमुख सचेतक हितराज पाण्डेले पनि कांग्रेससँग अनौपचारिक छलफल भए पनि गम्भीर मुद्दामा उधारो सहमति मान्य नभएको बताए।

कांग्रेस पदाधिकारीले रास्वपा उपसभापति स्वर्णिम वाग्ले र प्रमुख सचेतक सन्तोष परियारसँग पनि छलफल गरेका थिए। प्रमुख सचेतक घिमिरेका अनुसार पार्टीमा छलफल गर्ने भन्दै वाग्ले र परियार निस्किएका थिए। तर, पछि कुनै प्रतिक्रिया आएन। रास्वपा प्रमुख सचेतक परियारले अख्तियारको छानबिनपछि समिति बनाउँला भनेर कांग्रेसबाट प्रस्ताव आएको र यो न्यायोचित नरहेको तथा आफूहरूले उधारो सहमति नमान्ने भन्दै अस्वीकार गरेको बताए।

गणतन्त्रको गल्लीमा बन्दी बनेको लोकतन्त्र

गणतन्त्रको नारामा प्रजातन्त्र छ, व्यवहारमा नेतातन्त्र, प्रशिक्षण पुस्तिकामा समाजवाद घोकाइन्छ, व्यवहारमा 'क्रोनिक क्यापिटलिज्म'तर्फको अग्रसरता छ



● देवराज चालिसे

अग्रलेख

दोस्रो जनआन्दोलनले देशमा ठुलो उत्साह ल्यायो। राजतन्त्रको अन्त्य भयो, गणतन्त्र आयो, संविधान बन्यो। त्यति वेला यो देशमा एउटा अदृश्य सरकार संविधानसँगै जन्मिए आयो- 'नदेखिने सरकार'। आज नेपालमा दुइटा सरकार छन्, एउटा संविधानभित्रको सरकार र अर्को छाया सरकार। राजनीतिमा छाया सरकार वेटिङ गभर्नमेन्टलाई भनिन्छ। तर, यो छाया सरकार (नदेखिने सरकार) ले वेटिङ गभर्नमेन्ट पनि चलाउँछ। अझै यसलाई यसरी बुझौँ, छायाको पनि छाया सरकार। छायाबाट चलाइने सत्ता, राजनीतिक सत्ताभन्दा गहिरो र कहालीलाग्दो हुँदो रहेछ। यो न देखिन्छ, न समातिन्छ। तर, व्यवहारमा यसैले देश चलाइरहेको हुन्छ। जे गराउनुपर्ने हो, यसैले गराउँछ अनि त्यही उपलब्धि बोकेर राजनीतिक सत्ता आत्माविहीन संविधान देखाएर संसद्मा भाषण ठोक्छ- यो जनताको सरकार हो, जनताको संविधानअनुसार देश चल्छ। तर, देश कसरी चलिरहेको छ ? सरकार आफैँ चलेको छ कि उसलाई अरू कसैले चलाइरहेको छ ? त्यो भनिँदैन, देखिँदैन। यसैलाई भनिन्छ 'डिप स्टेट'।

डिप स्टेट के हो ? : 'डिप स्टेट' शब्दलाई चर्चित बनाउने काम डोनाल्ड ट्रम्पले गरे। उनले एफबिआई र सिआइए राष्ट्रपति नियन्त्रित नभएको आरोपस्वरूप यो शब्द प्रयोग गरेका थिए। कांग्रेसका वरिष्ठ नेता डा. शेखर कोइरालाले यसलाई 'हामी सरकारमा छौँ, सत्तामा छैनौँ' भन्ने प्रसंगमा बुझे। टर्कीमा डिप स्टेटलाई लोकतन्त्रको लुगाभित्र लुकेको सत्ताका रूपमा बुझिन्छ।

डिप स्टेट भनेको निर्वाचित सरकारभन्दा बाहिर बसेर शासन सञ्चालन गर्ने छाया सरकार हो। यो सरकारले कुनै पनि निर्वाचनमा उम्मेदवार उठाउँदैन, तर उसले रोजेका उम्मेदवार हुन्छन्। उसैको इच्छामा मन्त्री बन्छन्, ऊ फोन गर्दैन, उठाउँछ। सचिवदेखि मन्त्रीसम्म उसैको फाइल बोक्छन्, संसद्मा सिट नहुँदा पनि उसैले नीति बनाउँछ। डिप स्टेटमा गणतन्त्र जनताको प्रतिनिधिमूलक शासन होइन, गुट, गिरोह र आर्थिक गिद्धहरूको सत्ताधारी क्लबबाट चलेको हुन्छ।

अब प्रश्न उठ्छ, यसरी चल्ने राज्य के साँच्चै लोकतान्त्रिक हो ? जवाफ सजिलो छैन। किनकि, लोकतन्त्र त देखिन्छ, भाषण हुन्छन्, चुनाव पनि हुन्छन्, तर परिणाम ? कुर्सीमा जो बसे पनि शासन प्रणाली उही पुरानै हुन्छ। सत्ताको मालिक जनता भनिए पनि वास्तविक मालिक त्यही शक्ति हुन्छ, जसका पक्षमा कुनै निर्णय लिनुपरे मन्त्रिपरिषद्को बैठक बस्नुपर्दैन, बैठकअगावै अनुमोदन भइसकेको हुन्छ। व्यंग्य हो यो, हामी संविधान पढेर अधिकार खोज्छौँ, तर संविधान बनाउनेहरू नै अधिकार बेचिरहेका हुन्छन्। हामी सच्चा राष्ट्रभक्त खोज्छौँ, तर राष्ट्रवादका नाममा नक्कली नायक उभ्याइन्छन्, जसले टाई लाउँछन्, तर बुट अर्कैले बाँधिदिएको हुन्छ। नेपालमा छाया सरकार कति शक्तिशाली हुन्छन्, बुझ्नका लागि एनसेल कर विवाद काफी छ। अदालत, मन्त्रिपरिषद् र कर विभागको आन्तरिक मिलोमतोमा ६० अर्बमा कति उठ्यो। सरकारलाई थाहा होला, तर बाँकी कता पुग्यो, कम्बोडियामा ?


नेपालका प्रायः ठुला निर्णय छाया सरकारबाटै पास भएका हुन्छन्। यति होल्डिङदेखि ओम्नीसम्म, ललिता निवास प्रकरणदेखि गिरिबन्धु टी स्टेटसम्म, वाइड बडीदेखि सुनसम्म, क्यानटोनमेन्टदेखि शेरा दरबारसम्म, भुटानी शरणार्थीदेखि भिजिट भिसासम्म छायाको जादु देखिएकै छ। यो चक्रले देशभित्र मात्र होइन, बाहिर पनि प्रभाव जमाएको छ। बिआरआईदेखि एमसिसीसम्म, पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको ऋण सम्झौता, डिजाइनदेखि निर्माणसम्म, भैरहवा विमानस्थल भ्रष्टाचार काण्डदेखि ठुला जलविद्युत् योजना र ठुला ठेक्कापट्टासम्म यसको प्रभाव गहिरो देखिन्छ।

कहिलेकाहीँ विवादमा नाम आउँछ कुनै मन्त्रीको, सचिवको वा कुनै हाकिमको तर भट्ट, मल्होत्रा, चौधरी वा अग्रवाल, सुमार्गी वा यती ग्रुप, ढकाल, महतो, सिंगापुरे आचार्य, राणा आदि कहिल्यै देखिँदैनन्। सरकार जसको बनोस्, यिनको सरकार रहिरहन्छ। जनता मरून् कि बाँचून्, यिनको काम चलिरहन्छ। जनताका लागि कानुन बन्नुपरे तीन वर्ष लाग्छ, यिनलाई आवश्यक परे तीन दिनमा अध्यादेश आउँछ।

ब्युरोक्रेटिक पुँजीवाद, डिप स्टेटको उत्पादन : संविधानले देशलाई समाजवादउन्मुख भनेको छ। नेपालका कम्युनिस्टहरू संसदीय बाटोबाटै समाजवादमा पुग्ने भन्छन्। कांग्रेस प्रजातान्त्रिक समाजवादमा विश्वास राख्छ। तर, देश 'ओलीगार्की क्यापिटलिज्म' हुँदै 'ब्युरोक्रेटिक क्यापिटलिज्म'मा प्रवेश गरेको छ। नारामा प्रजातन्त्र छ, व्यवहारमा नेतातन्त्र, प्रशिक्षण पुस्तिकामा समाजवाद घोकाइन्छ, व्यवहारमा 'क्रोनिक क्यापिटलिज्म'तर्फको अग्रसरता छ। सिद्धान्त र व्यवहारबिचको यो अन्तर नै नेपालको राजनीतिक समस्याको मूल जड हो।

ब्युरोक्रेटिक पुँजीवाद भन्नाले त्यस्तो संरचना बुझिन्छ, जहाँ राज्य सत्ताका अधिकारी स्वयं पुँजीवादी बन्न पुग्छन्, जनताका नाममा सञ्चालित सरकार स्वयं लाभ सञ्चय गर्ने वर्गमा रूपान्तरण हुन्छ। यसको प्रभाव सुरुवातमा टर्की, चीन, सोभियत संघ, उत्तर कोरीया, थाइल्यान्ड, पाकिस्तान र म्यानमारमा देखिएको थियो। पछि यो शैली अधिकांश अधिनायकवादी सत्ताले अपनाए।

१९७८ देखि चीनमा समाजवादका नाममा उदार अर्थतन्त्र ल्याइयो। त्यही अर्थतन्त्रमा सरकारी अधिकारी र सेनाका नेतृत्वले निजी उद्योग र कम्पनी खोले। आज हुआवेई, अलीबाबा, टेन्सेन्टजस्ता सत्तानिकट कम्पनीले सत्ताका नीति-निर्माणमा प्रभाव राख्छन्। १९९० सम्म पिएलएले दर्जनौँ उद्योग, फर्म, होटेल, स्टिल, आयात-निर्यात कम्पनी



चलाएको थियो। सन् १९९८ मा जियाङ जेमिनले पिएलएलाई व्यापारबाट हटाएको घोषणा गरे पनि वास्तवमा तिनको सम्पर्क अहिलेसम्म पनि गोप्य रूपमा कायमै छ। सोभियत संघमा उत्पादनका साधनमा राज्यको स्वामित्व हुन्छ भनिए पनि वास्तविक स्वामित्व कम्युनिस्ट पार्टीका उच्च अधिकारीको पहुँचमा थियो। पार्टी सदस्यको एक विशिष्ट वर्ग 'नामेनक्लातुरा'को जन्म भयो। जब १९९१ मा सोभियत संघ टुट्यो, सोही वर्गका मानिसले सार्वजनिक उद्योग कब्जा गरे (जसलाई 'ओलीगार्क' पनि भनिन्छ)। आज पुटिनको आर्थिक साम्राज्यबाट कोही बेखबर छैन।

'रुम ३९' उत्तर कोरियाको सत्तासीन किम परिवारको निजी कोष प्रबन्ध गर्ने सरकारी कार्यालय हो। जहाँ सुनको अवैध कारोबार, हतियारको बिक्री, काउन्टर फेंक करेन्सी आदिबाट अर्बौं डलर आम्दानी गरिन्छ। थाइल्यान्डमा सेनाले पटक-पटक शासन कब्जा गरेर व्यापार र अर्थतन्त्रको संरचना आफ्नो नियन्त्रणमा लिएको छ। 'सिपी ग्रुप' थाइल्यान्डको सबैभन्दा ठुलो उद्योग समूह हो, जसले खाद्य, खुद्रा, टेलिकम, बिमा, रियल स्टेट आदिमा व्यापक नियन्त्रण राखेको छ। यस समूहको सैन्यसत्ता र राजपरिवारसँग गहिरो सम्बन्ध छ। थाइल्यान्ड र म्यानमारमा ब्युरोक्रेटिक पुँजीवाद संस्थागत ढंगबाट प्रचलित छ। थाइल्यान्डमा यो सेना र निजी उद्योगपतिको गठजोडमा लुकेको अवस्थामा छ भने म्यानमारमा सेना नै व्यापारी भएको प्रस्ट देखिन्छ।

नेपालमा ब्युरोक्रेटिक पुँजीवाद : नेपालमा यो एकदमै स्पष्ट, तर लुकेको रूपमा जरा गाडेर बसेको छ। यहाँ राज्यसत्ता प्रयोग गर्ने नेताहरू, उच्च प्रशासनिक तहका कर्मचारी, ठेकेदार र केही उद्योगपति मिलेर एउटा 'सत्ताधारी आर्थिक गठबन्धन' निर्माण गरेका छन्। यहाँ स्वदेशी तथा विदेशी ठेकेदार, कर्मचारी र नेताको मिलेमतोमा योजना पास, बजेट छुट र ठेक्का वितरण हुन्छ। सबैमा पार्टीका प्रभावशालीको निर्णायक प्रभाव देखिन्छ। एउटै मेलम्ची खानेपानी आयोजना दुई दशक लामो चल्यो। ३५ अर्बभन्दा बढी खर्च भयो। ठेक्का फिर्ता गर्नु, पुनः दिनु र निर्माण रोकिनुमा राजनीतिक/प्रशासनिक स्वार्थ लुकेको स्पष्ट देखिन्छ।

नेपालमा गणतन्त्र जनताले बिगुल बजाएर आएको थियो। त्यसको सन्देश थियो- देश नेटवर्कबाट होइन, नीतिबाट चल्नुपर्छ। यो देशमा साँच्चै गणतन्त्र छ भने सत्ता नागरिकको हो, गणतन्त्रको गल्लीमा बन्दी बनेको लोकतन्त्र फेरि उदाउनुपर्छ।

यो समस्या हरेक ठुला आयोजनामा छ, अन्तर्राष्ट्रिय बिडिङमा छ, खरिदमा छ, जुन यहाँ वर्णन गर्न सम्भव छैन। सरकारी सम्पत्तिमा राजनीति र कर्मचारीतन्त्रको अनौपचारिक कब्जा छ। राज्यका प्रमुख अर्थतन्त्रका संरचनामा राजनीतिक स्वार्थका आधारमा नियुक्ति गरिन्छ, राज्यको लगानी निजीकरणको झुटो खोल ओढेर अपारदर्शी तरिकाले चलाइन्छ। राज्य-स्वामित्वका संस्थाको कुल घाटा २०८० सालसम्म १५ अर्ब नाघिसकेको रिपोर्ट छ, जसको कारण यही अव्यवस्था हो। नेपालका अधिकांश ठुला नेता र कर्मचारीले कुनै ठुलो व्यवसाय गरेको देखिन्न। उनीहरूको जीवनशैली अपारदर्शी स्रोतबाट चलिरहेको छ। सर्वहारा भनिएको माओवादी पार्टीका नेताको सम्पत्ति विवरण ०५२ को तुलनामा अहिले १०० गुणाभन्दा बढी बढेको देखिन्छ। एमाले र कांग्रेसका नेताको त कुरै छाडौँ। पार्टीगत रूपमै एमाले संस्थागत भ्रष्टाचारको आहालमा डुबेको छ। नेपालमा हुने गरेको नीतिगत भ्रष्टाचारका कुनै काण्ड बाँकी छैन, जहाँ एमाले नजोडिएको होस्।

नेपालको ब्युरोक्रेसी आफू समृद्ध हुने खेलमा अभ्यस्त छ। उच्च तहका सचिव, प्रमुख, निर्देशक नातावाद, चाकरीवाद र राजनीतिक संरक्षणमा राखिन्छन्। योजना निर्माण, बजेट वितरण र सुपरीवेक्षण सबै राजनीतिक स्वार्थअनुसार चल्छ। ०८० को महालेखा परीक्षकको प्रतिवेदनअनुसार ६ खर्बभन्दा बढी रकममा अनियमितता देखिएको भन्ने तथ्यांकले यसलाई पुष्टि गर्छ। एनजिओ, आइएनजिओ र विकास आयोजनामार्फत विदेशी अनुदानको दोहन त्यस्तै छ। राजनीतिज्ञ, अधिकारी र तिनका परिवारले आफ्ना एनजिओमार्फत विदेशी पैसा ल्याउँछन् र त्यो पारदर्शिताबिनै खर्च गर्छन्। 'सीप विकास, महिला सशक्तीकरण, उद्यमशीलता'जस्ता शब्दको आवरणमा आर्थिक दोहन मौलाएको छ। ०७५ मा ५७ सयभन्दा बढी एनजिओ दर्ता भएको देखिन्छ, तर तीमध्ये ८० प्रतिशतले प्रभावकारी प्रतिवेदन नबुझाएको समाज कल्याण परिषद्कै भनाइ छ।

निष्कर्ष : नेपालमा नोकरशाही पुँजीवादको विस्तारले राज्य सञ्चालनको नीतिगत, आर्थिक र नैतिक धरातललाई गम्भीर रूपमा प्रभावित पार्दै आएको छ। यसले लोकतन्त्रका नाममा सत्ताको दुरुपयोग गर्ने संरचना बनाएको छ, जसले न त आर्थिक समावेशिता दिन सक्छ, न राजनीतिक स्थायित्व। यस्तो प्रणाली अन्त्य नगर्ने हो भने जनतामा निराशा, असहमति र विद्रोह बढ्न सक्छ।

राजनीतिक दर्शनले भन्नेजस्तै जब राज्य शक्ति निजी स्वार्थमा केन्द्रित हुन्छ, त्यसवेला 'लोकतन्त्र' भन्ने शब्द केवल औपचारिक आवरण मात्र रहन्छ। त्यसैले, नेपालमा लोकतन्त्रलाई व्यावहारिक बनाउने हो भने नोकरशाही पुँजीवादविरुद्ध निर्णायक विचार, अभियान र संस्थागत सुधार आवश्यक छ। अब प्रश्न उठ्छ, के हामी यो छाया सत्ता तोड्न सक्छौँ ? पक्कै, सकिन्छ। तर, त्यसका लागि नागरिक मात्र होइन, नेताहरू पनि सच्चिनुपर्छ। सत्ता पेसा होइन, सेवा हो भन्ने संस्कार भित्र्याउनुपर्छ। अनि, पत्रकारिताले पनि डर होइन, सत्यको साथ दिनुपर्छ। छाया चिर्न उज्यालो आवश्यक छ, र त्यो उज्यालो न विदेशबाट आउँछ, न सेनाको क्याम्पबाट। त्यो त सचेत, साहसी र सक्रिय नागरिकको मुटुको आवाजबाट आउँछ।

अन्ततः प्रश्न यही हो- जब छायामा निर्णय हुन्छ, भ्रष्टाचार खुलेआम हुन्छ, सिन्डिकेट हाबी हुन्छ अनि कसले जवाफ दिन्छ ? कानुन संसद्ले बनाउँछ, तर संसद्मा छाया सत्ताका सुझावमा कानुनको प्रस्ताव जान्छ। अनि कार्यान्वयन ? सरकारमार्फत हुन्छ, तर सरकार आफैँ आदेश लिने भूमिकामा छ। कतिपय निर्णय अध्यादेशबाट आउँछन्, जुन संविधानको मर्मभन्दा सत्ताको आकांक्षा हो। त्यसैले कानुनमाथि कानुन नबनाई, कानुनप्रति आस्था जगाउनु जरुरी छ।

नेपालमा गणतन्त्र जनताले बिगुल बजाएर आएको थियो। त्यो बिगुलको सन्देश थियो- देश नेटवर्कबाट होइन, नीतिबाट चल्नुपर्छ। यो देशमा साँच्चै गणतन्त्र छ भने सत्ता नागरिकको हो, गणतन्त्रको गल्लीमा बन्दी बनेको लोकतन्त्र फेरि उदाउनुपर्छ, त्यो दिन तब आउनेछ- जब सिन्डिकेट टुट्नेछ, छायाहरू ओझेलमा पर्नेछन् र नागरिक स्वतन्त्रताको उज्यालो सीधै सिंहदरबारमा चम्किनेछ। त्यो दिन, अरूका लागि होइन, तपाईं हामी आफ्नै लागि हुनेछ। दोष राज्यप्रणालीको मात्र होइन, राज्य-संवेदनाको पनि हो, के हामी साँच्चै 'जनताबाट जनतासम्म' पुग्ने बाटो निर्माण गर्न तयार छौँ ?

(चालिसे कांग्रेस महासमिति सदस्य हुन्)

३ प्रश्न

हेल्थ कन्सर्न नेपालका संस्थापक **डा. सुवास प्याकुरेललाई**



विद्युतीय चिकित्सा अभिलेख (इलेक्ट्रोनिक्स मेडिकल रेकर्ड) प्रणाली के हो र नेपालमा यो किन आवश्यक छ ?

यो प्रविधिमा आधारित स्वास्थ्य सेवा हो। यसलाई सजिलो भाषामा बिरामीको अभिलेख राख्ने विद्युतीय प्रणाली भन्दा हुन्छ। अस्पतालहरूले अब 'पेपरलेस' मेडिकल सेवा प्रवाह गर्न सक्छन्। बिरामीको सबैखाले तथ्यांक एउटा सफ्टवेयर प्रणालीमा रहन्छ। चिकित्सकले पनि त्यसैका आधारमा बिरामी जाँच्न सक्छन्। अहिले अस्पताल जाँदा रिपोर्ट बोकेर जानुपर्ने झन्झट छ। अस्पतालहरूले बिरामी पुर्जामै ठूलो खर्च गरिरहेका छन्। तर, हामीले ल्याएको 'इलेक्ट्रोनिक मेडिकल रेकर्ड सिस्टम'ले त्यो झन्झट हटाउँछ। यसको उपयोगपछि अनलाइनबाटै बिरामीलाई चिकित्सकले जाँच्न र परामर्श दिन सक्छन्। अहिले हामीले अस्पताललाई मिल्ने गरी 'सिस्टम डेभलप' गरिसकेका छौँ। सेवा लिन चाहने स्वास्थ्य संस्थालाई हामी सघाउँछौँ। यो सिस्टम एउटा अस्पतालबाट अर्को अस्पतालसँग 'इन्टर कनेक्टेड' पनि हुन्छ। धेरै मुलुकमा यस्तो सिस्टम लागू भइसकेको छ। नेपालमा पनि कतिपय निजी अस्पतालले विद्युतीय मेडिकल अभिलेखको अभ्यास गरेका छन्। अब सम्पूर्ण अस्पतालमा यो सिस्टम लागू गर्न ढिलो भइसक्यो।

यसले स्वास्थ्यको अभिलेख कसरी व्यवस्थित गर्न सक्छ ?

अहिले सबैले मोबाइल चलाउने गरेको अवस्था छ। त्यसकारण पनि स्वास्थ्य सेवालाई 'डिजिटलाइज' गर्दा त्यो प्रभावकारी हुन्छ। स्वास्थ्य संस्थाले आइटी प्रयोग गरी बिरामीलाई सहज सेवा दिन सक्छन्। यसले 'प्रेसक्रिप्सन'मा समेत सहजता ल्याउँछ। बिरामीको 'हिस्ट्री' रहन्छ।

यस्तो प्रणालीमा जाँदा बिरामीको गोपनीयता कसरी रहन्छ र तथ्यांकको सुरक्षा कसरी हुन्छ ?

यसमा बिरामीको गोपनीयता सुरक्षित हुन्छ। एउटा बिरामीको तथ्यांक अर्काले हेर्न मिल्दैन। बिरामीको कोड तथा संकेत नम्बरका आधारमा चिकित्सकले हेर्न सक्छन्। यसमा सबैलाई एक्सेस हुँदैन। तर, स्वास्थ्य संस्था, चिकित्सक र सम्बन्धित बिरामीले आफूलाई चाहिँदा त्यहाँ राखिएका सूचना हेर्न सक्छन्। हामीले बनाएको सिस्टम सरकारको निर्देशिकाभित्रै छ।

प्रेरक प्रसंग

पति-पत्नी र मैला लुगा

एकपटकको कुरा हो- एक नवविवाहित दम्पती कुनै भाडाको घरमा बस्न थाले। नयाँ घरमा बस्न थालेको केही दिनपछि एक बिहान उनीहरू दुवै खाजा खान लागेका थिए। त्यति नै वेला पत्नीको ध्यान झ्यालतिर पुग्यो। उनीहरू बस्ने कोठाको झ्यालबाट पल्लो घरको छत देखिन्थ्यो। त्यहाँ केही कपडा धोएर डोरीमा टाँगिएका थिए। ती लुगा देख्नासाथ पत्नीले भनिन्- त्यस घरमा बस्ने मानिसलाई त लुगा कसरी धुनुपर्छ भन्ने पनि थाहा छैन कि के हो ? हेर्नुस् न कति मैला कपडा सुकाइरहेका छन् !

पतिले पत्नीको गुनासो सुनेर यसो झ्यालतिर आँखा डुलाए, तर विनाकुनै प्रतिक्रिया चुपचाप खाजा खानमै केन्द्रित भए। केही दिनपछि फेरि पनि सोही स्थानमा थप केही कपडा सुकाइएका थिए। देख्नासाथ पत्नीले पहिलेकै कुरा दोहोऱ्याइन्। उनले भनिन्- कहिले सिक्छन् होला यिनले कपडा धुन, हे ईश्वर ! आज पनि पतिले पत्नीको भनाइ सुने तर कुनै प्रतिक्रिया दिएनन्। तर, यो हरेक दिन दोहोरिइरहने गुनासो बन्न थाल्यो। जहिलेसुकै छतमा सुकाएको कपडा देख्नासाथ पत्नी केही न केही प्रतिक्रिया दिइरहन्थिन्, पति चुपचाप सुनिरहन्थे। लगभग एक महिनापछि पतिपत्नी एकसाथ बसेर बिहानी खाजा खाँदै थिए। सधैँझैँ पत्नीको दृष्टि छिमेकीको छततिर पुग्यो। देखनासाथ आश्चर्य मान्दै उनले भनिन्- वाह ! आज त यिनको बुद्धि ठेगानमा आयो जस्तो देखिन्छ। कपडा बिल्कुलै सफा देखिन्छन्। पक्कै पनि यिनलाई कसैले यसबारे केही न केही सुनायो होला।

यसपटक भने पतिले मुख खोले- होइन, उनीहरूलाई कसैले केही सुनाएको छैन। पतिको जवाफ सुनेर पत्नी चकित भइन्। उनले सोधिन्- तपाईंलाई कसरी थाहा भयो यो सब ? पतिले जवाफ दिए- आज म बिहान केही छिटो उठेको थिएँ। खासै काम केही नभएकाले मैले यो झ्यालको सिसा बाहिरबाट सफा गरिदिएको थिएँ। त्यसैले, तिमीले कपडा सफा देखिरहेकी छ्यौ। पतिका कुरा सुनेपछि पत्नी झ्यालतिर हेरकोहेऱ्यै भइन्।

टिप्पणी
nayapatrikaofficial
@naya_patrika

कति लुट्ने युवालाई ?

'देश रेमिट्यान्सले धानेको छ, तर पाइलैपिच्छे ठगिन्छन् रेमिट्यान्स पठाउनेहरू' शीर्षकको समाचार पढियो। निकै तितो यथार्थलाई समाचारले समेटेको रहेछ। हाम्रो देशका होनहार युवा यतिखेर देशभित्र रोजगारी नपाउँदा बिदेसिन बाध्य छन्। मनभरि अनेकौँ सपना बोकेर बिदेसिने सोच बनाएदेखि नै प्रत्येक युवाको लुटिने क्रम सुरु हुन्छ। उनीहरू पाइलैपाइलामा लुटिरहेका हुन्छन्। आफू लुटिँदै गरेको थाहा पाउँदापाउँदै पनि उनीहरू मौन बस्न बाध्य छन्। सरकारी निकायदेखि निजी क्षेत्रसम्मले उनीहरूलाई सक्दो लुट्छन्। हुँदाहुँदा विदेश गइसकेपछि पनि त्यहाँ रोजगारदाताबाट पनि थप लुटिन विवश हुन्छन् उनीहरू। आखिर कहिलेसम्म लुट्ने हो युवालाई ?

● **वन्दिता चौलागाई**, कीर्तिपुर-७, काठमाडौँ

राष्ट्र बैंकमाथि पनि छानबिन होस्

राष्ट्र बैंकको सुपरीवेक्षणमा सञ्चालित कर्णाली विकास बैंकमा बचतकर्ताको झन्डै साढे दुई अर्ब घोटाला भएको समाचार केहीअघि नै सार्वजनिक भएको थियो। अहिले प्रहरीको अनुसन्धानमा पनि राष्ट्र बैंकको सुपरीवेक्षणमा सञ्चालित कुनै बैंक यसरी एकाएक कसरी धराशयी हुन सक्छ भन्ने गम्भीर प्रश्न उठेको छ। यस विषयमा राष्ट्र बैंकले पनि आन्तरिक छानबिन गरी कहाँ कसरी गल्ती भयो, पत्ता लगाउन ढिलो गर्नु हुँदैन।

● **सञ्जित मगर**
रातोपुल, काठमाडौँ

नेपाल सरकारलाई प्रश्न

नेपाल सरकारले काँकडभिट्टादेखि इनरुवासम्म रेलमार्ग निर्माण गरी रेल सेवा सञ्चालन गर्ने भनी सर्वसाधारणको जग्गा पाँच वर्षसम्म रोक्का राखेर अहिले सरकार स्वयं सो योजनाबाट पछि हटेको समाचार पढियो। यसरी पाँच वर्षसम्म सर्वसाधारणको जग्गा रोक्का राख्दा उनीहरूले कति नोक्सानी व्यहोर्नुपऱ्यो होला ? के सरकारले अब तिनलाई क्षतिपूर्ति दिन्छ हो ? नत्र त्यसरी जनताको जग्गा लिएर पछि उपयोग नगर्ने भन्न कसरी मिल्छ सरकार ?

● **अव्यक्त काफ्ले**
कुसुन्ती, ललितपुर

निरीह सरकार, मनमौजी व्यवसायी

सार्वजनीक यातायात चलाउने, शुल्क लिएर सेवा दिने अनि आफूले भनेजस्तो भएन भने यातायात बन्द गरेर आन्दोलन गर्ने, यो के पारा होला ? सांसारमा कहीँ नभएको लोकतन्त्र नेपालमै आएको छ। नेताले जे गर्दा पनि हुन्छ, व्यवसायीले जे गर्दा पनि छुट छ। जताबाट जे गर्दा पनि पीडित हुने सर्वसाधारण नै हो। सोमबार सर्वजनिक यातायात बन्द गर्दा हजारौँ सर्वसाधारण पीडित भए। आफ्ना माग पूरा गर्न यातायात नै बन्द गर्ने व्यवसायीको दर्ता नै खारेज गर्न सरकार किन सक्दैन ? जे गर्दा पनि छाडा छोड्दा समस्या बढिरहेको छ। आन्दोलनका नाममा कसैले मनलागी गर्नु त भएन नि !

सार्वजनिक यातायातले नागरिकलाई दिएको पीडा कसले बुझ्ने ? मनलागी भाडा असुलेको छ। क्षमताभन्दा बढी यात्रु कोचेको छ। समयमै गन्तव्यमा कहिल्यै पुऱ्याउँदैन। वृद्धवृद्धा, केटाकेटी र अशक्तलाई सार्वजनिक यातायातले दिनु सास्ती दिएको छ। यसप्रति सम्बन्धित निकायको ध्यान कहिल्यै जाँदैन। काठमाडौंमै चल्ने सार्वजनिक यातायातले त यात्रुलाई राम्रो सुविधा दिएका छैनन् भने बाहिर जिल्लामा चल्ने सवारी साधनले के सुविधा देलान्। अझ चाडबाड आउनुपर्छ, भाडादर दोब्बर बनाउँछन्, नियमन कहीँबाट हुँदैन। कतिपय सवारी साधन ओभर लोडका कारण दुर्घटना भएका छन्। ट्राफिक प्रहरीले तिनलाई छाडा छाडिदिन्छ, नियन्त्रणमा लिँदैन। आफ्नो मोनोपोली गरी जनतालाई सास्ती दिने सार्वजनिक यातायात व्यवसायीले हडताल गर्नासाथ, सरकार किन निरीह भएर उनीहरूसामु झुक्छ हँ ?

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौँ
ghimirepuru@gmail.com

जी-७ शिखर सम्मेलनमा मोदीलाई नबोलाइनुको अर्थ

भारतीय प्रधानमन्त्री मोदीलाई जी-७ शिखर सम्मेलनको निमन्त्रणा नआउनु क्यानडा-भारतबिच जारी द्विपक्षीय तनावको संकेत हो



देश/विदेश

● विमान मुखर्जी

भारतका प्रधानमन्त्री नरेन्द्र मोदी यस महिना क्यानडामा हुने जी-७ शिखर सम्मेलनमा सहभागी हुने सम्भावना देखिँदैन। विगत ६ वर्षमा पहिलोपटक मोदीले जी-७ शिखर सम्मेलन बैठक छुटाउनेछन्। विभिन्न विश्लेषकका अनुसार यो निर्णय ओटावामा नयाँ सरकार आए पनि क्यानडा-भारतबिच जारी द्विपक्षीय तनावको संकेत हो। प्रमुख विकसित अर्थतन्त्र क्यानडा, फ्रान्स, जर्मनी, इटली, जापान, बेलायत र अमेरिकाको जी-७ समूहका नेताको बैठक १५ देखि १७ जुनसम्म क्यानडाको अल्बर्टास्थित कानानास्किसमा हुनेछ। उसो त भारत जी-७ को सदस्य होइन, तर भारतलाई पछिल्ला केही वर्षयता नियमित रूपमा सम्मेलनका बैठकमा सहभागी हुन निमन्त्रणा दिइँदै आएको थियो।

भारतीय सञ्चार माध्यमले जनाएअनुसार यसपटक क्यानडाका प्रधानमन्त्री मार्क कार्नीको प्रशासनले नयाँदिल्लीलाई निमन्त्रणा पठाएको छैन। यो जानकारी स्रोत नखुलाइएका भित्री व्यक्तिको भनाइ र दुवै देशका सरकारले औपचारिक रूपमा कुनै घोषणा नगरेको अवस्थामा आधारित छ। यस वर्ष मोदीको अपेक्षित अनुपस्थितिलाई मार्क कार्नीको नेतृत्वमा भारत-क्यानडा सम्बन्धको भविष्यबारे संकेतका रूपमा नजिकबाट हेरिएको छ। कार्नी यस वर्षको मार्चमा लिबरल पार्टीको नेतृत्वमा निर्वाचित भएपछि प्रधानमन्त्री बनेका हुन्। उनको पार्टीले अप्रिलमा सम्पन्न संघीय निर्वाचनमा जित हात पारेर हाल अल्पमत सरकारको नेतृत्व गरिरहेको छ। कार्नीको सत्तारोहणपछि दुई देशबिच अघिल्ला क्यानेडेली प्रधानमन्त्री जस्टिन ट्रुडोको कार्यकालमा देखिएको कूटनीतिक टकराव अन्त्य भई सम्बन्ध सुधार हुने आशा गरिएको थियो। गत महिना मात्रै परराष्ट्रमन्त्री अनिता आनन्द भारतीय मूलका चार राजनीतिज्ञलाई कार्नी सरकारले महत्त्वपूर्ण पदमा नियुक्त गरेपछि भारत-क्यानडा सम्बन्ध सुधार हुने अपेक्षा झनै बढेको थियो। तर, यसो हुन सकेन। सन् २०२३ मा द्विपक्षीय सम्बन्धमा ठुलो गिरावट आयो, जब प्रधानमन्त्री ट्रुडोले भारत सरकार प्रायोजित मानिस (एजेन्ट) मार्फत क्यानडाका नागरिक तथा भारतमा शिख अलगाववादी आन्दोलनका नेतामध्ये एक हरदीप सिंह निज्जरको क्यानडामा हत्या गराएको आरोप लगाए। सो घटनापछि दुवै देशले एक-अर्काका कूटनीतिज्ञलाई निष्कासित गरे र व्यापार वार्ता अवरुद्ध भयो।

तथापि, कार्नीले भारतसँगको सम्बन्ध सुधार्ने अपेक्षा गरिएको छ। लन्डनस्थित किंग्स कलेजका अन्तर्राष्ट्रिय सम्बन्धका प्राध्यापक हर्ष पन्त जी-७ सम्मेलन बैठकका लागि प्रधानमन्त्री मोदीलाई निमन्त्रणा दिने कि नदिने भन्ने विषयमा निर्णय गर्दा लिबरल पार्टीले आफ्ना समर्थन आधारप्रति संवेदनशील हुनुपर्ने भएकाले निमन्त्रणा नदिएको हुन सक्ने बताउँछन्। भारत-क्यानडा सम्बन्ध पुनः स्थापना गर्ने मार्गमा सबैभन्दा ठुलो अवरोध भनेको खालिस्तानको संवेदनशील मुद्दा हो। यो मुद्दा भारतको पन्जाब प्रान्तमा स्वतन्त्र राष्ट्र बनाउने उद्देश्यले सञ्चालित सिख अलगाववादी आन्दोलन हो। यो आन्दोलन सन् १९८० को दशकमा भारतीय उपमहाद्वीपमा मत्थर भए पनि क्यानडालगायत देशका केही सिख प्रवासी समुदायमा अझै सक्रिय देखिन्छ।

विश्लेषकका अनुसार खालिस्तान आन्दोलनप्रति सहानुभूति राख्ने भनिएको न्यु डेमोक्रेटिक पार्टीको समर्थनमा निर्भर रहेको लिबरल पार्टी आफ्नो गठबन्धन सरकार टिकाउन सावधानीपूर्वक कदम चालिरहेको छ। भारतले क्यानडामा रहेका चरमपन्थी सिखलाई लिएर बारम्बार चिन्ता व्यक्त गर्दै आएको छ। भारतले विशेषतः प्रधानमन्त्री ट्रुडोको कार्यकालमा क्यानडाले चरमपन्थलाई प्रोत्साहन गरेको आरोप लगाउँदै आएको छ।

यता भारतको तृणमूल कंग्रेसकी विपक्षी नेतृ महुआ मोइत्राले सामाजिक सञ्जालमा जी-७ शिखर



तस्बिर : रोयटर्स

सम्मेलनमा भारतको अनुपस्थितिबाट दिल्लीको 'असफल परराष्ट्र नीति' झल्किएको टिप्पणी गरेकी छिन्। प्रधानमन्त्री मोदीले सम्मेलनमा नजाने निर्णय गर्नुका पछाडि अन्य थुप्रै अन्य कारण पनि रहेको विश्लेषक बताउँछन्। 'भारतीय प्रधानमन्त्री जान नखोज्नुको कारण के छ भने भारतीय अधिकारी क्यानडाले भारतका सुरक्षासम्बन्धी चासोलाई लिएर आफ्नो दृष्टिकोणमा कुनै परिवर्तन ल्याउने हो वा होइन भन्नेमा अझै निश्चिन्त छैनन्,' स्वतन्त्र राजनीतिक विश्लेषक नीलाञ्जन मुखोपाध्याय बताउँछन्। ट्रुडो सरकारले लगाएको आरोपले भारतलाई चोट पुऱ्याएको बताउँदै 'यति तल झरेको सम्बन्ध सुधार्न कुनै स्पष्ट तथा ठोस अभिव्यक्ति वा कदम आवश्यक छ भन्ने सरकारले महसुस गरेको हुन सक्छ। भारतको दृष्टिकोणबाट हेर्दा सम्बन्ध सुधारको जिम्मेवारी' क्यानडामै पर्छ मुखोपाध्याय थप्छन्।

सम्बन्ध सुधारको प्रक्रिया 'धेरै नै कनिष्ठ तह'बाट सुरु भई मात्र प्रधानमन्त्री मोदी र कार्नीबिचको वार्तासम्म पुग्न सक्ने नीलाञ्जन मुखोपाध्यायको बुझाइ छ। यद्यपि, दिल्ली र ओटावाबिच सकारात्मक सन्देश गोप्य रूपमा आदान-प्रदान भएका छन्। विश्लेषकका अनुसार थप सशक्त सम्बन्धका लागि आवश्यक आधार अझै निर्माण गर्न बाँकी छ। सुरुवातको एउटा कदमका रूपमा एक-अर्काको राजधानीमा उच्चायुक्त नियुक्त गर्ने काम हुन सक्छ। यी पद निज्जरको हत्या प्रकरणपछि उत्पन्न तनावका कारण हालसम्म रिक्त छन्।

हालै क्यानडाकी परराष्ट्रमन्त्री अनिता आनन्दले भारतका विदेशमन्त्री एस जयशंकरसँग टेलिफोन वार्ता गरेकी थिइन्, तत्पश्चात् दुवै पक्षले आपसी सम्बन्धबारे आशावादी अभिव्यक्ति दिएका थिए। एक मिडिया अन्तर्वार्तामा आनन्दले दुई देशबिचको सम्बन्ध सुधार 'एकपटकमा एक कदम' गर्दै अगाडि बढ्ने बताइन्। 'यदि अहिले क्यानडाबाट जी-७ सम्मेलनमा सहभागी हुन निमन्त्रणा आएको भए पनि भारतले त्यसबारे पुनर्विचार गर्थ्यो' दिल्लीस्थित 'अब्जर्भर रिसर्च फाउन्डेसन'का रणनीतिक अध्ययन कार्यक्रमका उप-निर्देशक विवेक मिश्रा बताउँछन्। 'यो प्रक्रिया बिस्तारै स्थापित गर्नुपर्ने हुन्छ र क्यानडाको सरकार परिवर्तन हुनु भनेको एक सकारात्मक संकेत हो,' मिश्रा थप्छन्।

(मुखर्जी साउथ चाइना मर्निङ पोस्टका एसिया संवाददातामध्ये एक हुन्)

साउथ चाइना मर्निङ पोस्टबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

१२ देशका नागरिकलाई अमेरिका प्रवेशमा पूर्ण बन्देज

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बुधबार सुरक्षा खतरा रहेको औँल्याउँदै १२ देशका नागरिकलाई अमेरिका प्रवेशमा प्रतिबन्ध लगाउने एक आदेशमा हस्ताक्षर गरेका छन् । त्यसबाहेक सात अन्य देशका नागरिकलाई पनि सीमित प्रतिबन्ध लगाइएको छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पूर्ण यात्रा प्रतिबन्ध लगाएका देशमा सोमालिया, चाड, रिपब्लिक अफ कंगो, इक्वेटोरियल गिनी, इरिट्रिया, लिबिया, सुडान, यमन, अफगानिस्तान, म्यानमार, हाइटी र इरान छन् । यात्रा प्रतिबन्ध लगाइएका १२ मध्ये सात अफ्रिकी मुलुक रहेको र बाँकी एसियाली मुलुक रहेका छन् । अफ्रिकी युनियन (एयु) ले संयुक्त राज्य अमेरिकाले महाद्वीपका सात राष्ट्रमाथि लगाएको नयाँ यात्रा प्रतिबन्धको परिणामप्रति चिन्ता व्यक्त गरेको छ । एयुले एक विज्ञप्ति जारी गर्दै यात्रा प्रतिबन्धको अमेरिकासँग दशकौँदेखि स्थापित 'जनता-जनताबिचको सम्बन्ध'मा क्षति पुग्ने बताएको



छ । आंशिक रूपमा प्रतिबन्ध लागेका सात देशमा बुरुन्डी, क्युबा, लाओस, सियरा लियोन, टोगो, तुर्कमेनिस्तान र भेनेजुएला छन् ।

अमेरिकाका स्थायी बासिन्दा र भिसा धारकलाई भने अमेरिका प्रवेशमा रोक लाग्नेछैन । ह्वाइट हाउसकी प्रवक्ता एभिगेल ज्याक्सनका अनुसार हाल प्रतिबन्ध लागेका देशले मानिसको पृष्ठभूमिको पर्याप्त जाँच गर्ने नगरेको बताइन् । साथै ती देशमा भिसा सर्तहरू उल्लंघन हुने वा खतरासम्बन्धी जानकारी साझा नहुने पनि उनले आरोप लगाइन् । ट्रम्पले लागू गरेको यो पहिलो यात्रा प्रतिबन्ध होइन । आफ्नो पहिलो कार्यकालमा पनि ट्रम्पले सन् २०१७ मा केही मुस्लिम देशमा यस्तै प्रतिबन्ध लगाएका थिए । त्यो प्रतिबन्धले विभिन्न कानुनी चुनौतीको सामना गर्‍यो । तिनमा धेरैपटक संशोधन गरिए । पछि सर्वोच्च अदालतले त्यसको कार्यान्वयनको अनुमति दियो ।

त्यस समयमा, प्रतिबन्ध लागेका देशका हजारौँ पर्यटक, आप्रवासी, व्यावसायिक पाहुना र पहिले नै आवास अनुमति पाएकाहरू विश्वभरका विमानस्थलमा अलपत्र परेका थिए । कति मानिस अमेरिकाको विमानस्थलबाट समेत फर्काइएका थिए । त्यही वेलाको प्रतिबन्धसँग जोडेर वासिंटन राज्यकी डेमोक्र्याटिक पार्टीकी कंग्रेस सदस्य प्रमिला जयपालले अहिले लागेको प्रतिबन्ध पहिलो कार्यकालमा लगाइएको मुस्लिम प्रतिबन्धको विस्तार भएको प्रतिक्रिया दिएकी छिन् । – एजेन्सी

भियतनाममा दुई सन्तान नीति खारेज

हनोई/ घट्दो जन्मदरबिच भियतनामको कम्युनिस्ट सरकारले दुई बच्चा नीति हटाएको सरकारी सञ्चार माध्यमले बुधबार बताएको छ । भियतनामले सन् १९८८ यता दम्पतीलाई दुईभन्दा बढी बच्चा जन्माउन प्रतिबन्ध लगाएको थियो । भियतनाममा विगत तीन वर्षयता निरन्तर जन्मदर घटिरहेको छ ।

कुल प्रजनन दर सन् २०२४ मा प्रतिमहिला प्रतिस्थापन स्तरभन्दा तल एक दशमलव ९१ बच्चामा झरेको स्वास्थ्य मन्त्रालयको तथ्यांकले देखाउँछ । जन्मदर सन् २०२१ मा प्रतिमहिला प्रजनन दर दुई दशमलव ११ बच्चा रहेकोमा यो सन् २०२२ मा घटेर दुई दशमलव ०१ र सन् २०२३ मा एक दशमलव ९६ पुगेको थियो ।

एन आई सी एशिया बैंक लिमिटेड
NIC ASIA एन आई सी एशिया बैंक लि.
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

धितोमा रहेको चल अचल सम्पति लिलाम विक्री बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको ऋणकर्जा बैकसँगको सम्झौताको शर्त बमोजिम नतिर्नु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा तथा ऋणकर्जा चुक्ता गर्नको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा व्याज नतिर्नु नबुझाउनु भई ऋणीले बैकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋण कर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितो मा रहेको तपसिल वमोजिमको चल अचल सम्पत्ति लिलाम विक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बैंकको सम्पूर्ण बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी तथा जमानत दिनु हुने ब्यक्ति तथा सम्बन्धित सबैलाइ यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१)	**ऋणी: मान सिंह महरा** स्थायी ठेगाना: जिल्ला बैतडी, भुमेश्वर गाउँ पञ्चायत वडा नं. ५, हालको ठेगाना: जिल्ला कञ्चनपुर, भीमदत्त न.पा. वडा नं. १८ बाबु: धर्म सिंह महरा, बाजे: किसन सिंह महरा **धितोको विवरण** किसनसिंह महराको नाती, धर्म सिंह महराको छोरा, कञ्चनपुर जिल्ला, भीमदत्त न.पा. वडा नं. १८ बस्ने मानसिंह महराको नाममा भूमिसुधार तथा मालपोत कार्यालय, कञ्चनपुरको लगतमा दर्ता कायम रहेको कञ्चनपुर जिल्ला, महेन्द्रनगर न.पा. वडा नं. १८ स्थित कित्ता नं. ११०६७ र ११०६९ को क्षेत्रफल क्रमश: ४९१.२५ र ४०७१.८७ (ब.मि.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
२)	**ऋणी फर्म: पौडेल राईस मिल,** प्रोप्राईटर तथा जमानीकर्ता: रुपा पौडेल दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय धनगढी, कैलाली, नेपालमा प्रा.फ.द.नं. १८८३६, दर्ता मिति २०७९/०७/२३, ठेगाना: जिल्ला कैलाली, कैलारी गा.पा. वडा नं. ८ **धितोको विवरण** १) प्रेम नारायण न्यौपानेकी छोरी, गणेश पौडेलकी बुहारी, लक्ष्मण प्रसाद पौडेलकी पत्नी, कैलाली जिल्ला, फुलवारी गा.वि.स. वडा नं. ७ बस्ने रुपा पौडेलको नाममा भूमिसुधार तथा मालपोत कार्यालय धनगढी, कैलालीको लगतमा दर्ता कायम रहेको कैलाली जिल्ला, फुलवारी गा.वि.स. वडा नं. २ स्थित कित्ता नं. १२१ को क्षेत्रफल १०८९.४४ (ब.मि) को घर/जग्गा तथा कैलाली जिल्ला, फुलवारी गा.वि.स. वडा नं. ६ स्थित कित्ता नं. २३८ को क्षेत्रफल ५८२.४० (ब.मि) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) पौडेल राईस मिलको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।
३)	**१) ऋणी फर्म: जुनु किराना पसल,** प्रोप्राईटर तथा जमानतकर्ता: भीम कुमारी गुरुङ दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, सिद्धार्थनगर, रुपन्देहीमा प्राइभेट फर्म दर्ता नं.: ११९३-८-२०७९/८० मिति: २०८०/०२/२५ ठेगाना: जिल्ला रुपन्देही, देवदह न.पा. वडा नं. १२ **२) ऋणी: भीम कुमारी गुरुङ** स्थायी ठेगाना: रुपन्देही जिल्ला, सिक्टहन गा.वि.स वडा नं. ६, हालको ठेगाना: रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. १२, बाबु: रण बहादुर गुरुङ, ससुरा: पल सिं गुरुङग, पति: दुर बहादुर गुरुङ **धितोको विवरण** १) रण बहादुर गुरुङकी छोरी, पल सिं गुरुङगकी बुहारी, दुर बहादुर गुरुङकी पत्नी, रुपन्देही जिल्ला, सिक्टहन गा.वि.स वडा नं. ६ बस्ने भीम कुमारी गुरुङको नाममा मालपोत कार्यालय रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, सिक्टहन गा.वि.स वडा नं. ६/ग (हाल: देवदह न.पा. वडा नं. १२) स्थित कित्ता नं. ३६३ को क्षेत्रफल ०-२-१५-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) जुनु किराना पसलको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
४)	**ऋणी फर्म: न्यू दाउन्ने इलेक्ट्रोनिक्स सेन्टर,** प्रोप्राईटर तथा जमानीकर्ताहरु: लक्ष्मी नारायण केवट दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासी (ब.सु.प) नेपालमा प्राइभेट फर्म दर्ता: ००४३-७-२०७९/०८० मिति २०७९/०४/१५ ठेगाना: जिल्ला नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), रामग्राम न.पा. वडा नं. ५ **धितोको विवरण** १) त्रिवेणी केवटको नाति, राम लखन केवटको छोरा, नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. १४ बस्ने लक्ष्मी नारायण केवटको नाममा भूमिसुधार तथा मालपोत कार्यालय परासी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)को लगतमा दर्ता कायम रहेको नवलपरासी (ब.सु.प.) जिल्ला, मंझरिया गा.वि.स. वडा नं. १/क (हाल रामनगर न.पा. वडा नं. ३) स्थित कित्ता नं. १९१४ को क्षेत्रफल ०-०-१२-३ (विगाह) को जग्गा र नवलपरासी (ब.सु.प.) जिल्ला, अमरौडा गा.वि.स. वडा नं. १/क (हाल रामनगर न.पा. वडा नं. १४) स्थित कित्ता नं. ७७७ र ७७८ को क्षेत्रफल क्रमश: ०-१-४-०.७५ र ०-१-१-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) मखन केवटकी छोरी, त्रिवेणी केवटकी बुहारी, रामलखन केवटकी पत्नि, नवलपरासी जिल्ला, अमरौट गा.वि.स. वडा नं. १ बस्ने प्रेम कुमारी केवटको नाममा भूमिसुधार तथा मालपोत कार्यालय परासी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)को लगतमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, अमरौट गा.वि.स. वडा नं. १/क (हाल रामनगर न.पा. वडा नं. १४) स्थित कित्ता नं. ५८७ र ५९० को क्षेत्रफल क्रमश: ०-१-० र ०-०-१० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । ३) न्यू दाउन्ने इलेक्ट्रोनिक्स सेन्टरको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुंरक्षण ।
५)	**ऋणी फर्म: कुशवाहा मत्स्य फार्म,** प्रोप्राईटर तथा जमानीकर्ता: शक्ति प्रसाद कुशवाहा दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, कलैया, बारामा उद्योग दर्ता नं. ९६४६/१२९६/०७७/०७८, दर्ता मिति २०७७/१२/१२, ठेगाना: जिल्ला बारा, सिम्रौनगढ न.पा वडा नं. ५ **धितोको विवरण** १) मोतिलाल महतोकी छोरी, मेघु महतो कोईरीकी बुहारी, शिउशंकर प्रसाद कोइरीकी पत्नी, बारा जिल्ला, उचिडिह गा.वि.स. वडा नं. २ बस्ने गीता देवी कोईरीनको नाममा भूमिसुधार तथा मालपोत कार्यालय कलैया, बाराको लागतमा दर्ता कायम रहेको बारा जिल्ला, उचिडिह गा.वि.स वडा नं. २ (हाल सम्रौनगढ न.पा वडा नं. ५) स्थित कित्ता नं. १००८ को क्षेत्रफल ०-०-१९-११ (विगाहा) को जग्गा र सो जग्गा चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) जइलाल महतोकी छोरी, शिव शंकर प्र. कोइरीकी बुहारी, शक्ति प्रसाद कुशवाहाकी पत्नी, बारा जिल्ला, सिम्रौनगढ न.पा वडा नं. ५ बस्ने कमला कुमारीको नाममा मालपोत कार्यालय मौलापुर, रौतहटको लागतमा दर्ता कायम रहेको रौतहट जिल्ला, तेजापाकड गा.वि.स वडा नं. १/ख (हाल परोहा न.पा. वडा नं. ३) स्थित कित्ता नं. १७० को क्षेत्रफल ०-१-० (विगाहा) को जग्गा र सो जग्गा चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । ३) कुशवाहा मत्स्य फार्मको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
६)	**ऋणी फर्म: धर्म दुनोट उद्योग,** प्रोप्राईटर तथा जमानीकर्ता: धर्मराज बज्राचार्य दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, कास्की पोखरामा प्रा.फ.नं.घ.उ.वि. १०४७५/०७१/०७२, दर्ता मिति: २०७१/१०/०९, ठेगाना: जिल्ला कास्की, पोखरा उ.म.न.पा. वडा नं. २ **धितोको विवरण** १) कासीराज बज्राचार्यको नाती, लेखराज बज्राचार्यको छोरा, धादिङ जिल्ला, कल्लेरी गा.वि.स. वडा नं. ५ बस्ने धर्मराज बज्राचार्यको नाममा मालपोत कार्यालय लेखनाथ, कास्कीको लगतमा दर्ता कायम रहेको कास्की जिल्ला, भोटेपोखरी गा.वि.स. वडा नं. ९ स्थित कित्ता नं. ५१८९ र ८९४४ क्षेत्रफल क्रमश: ०-४-०-० र ०-३-३-२ (रोपनी) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) धर्म दुनोट उद्योगको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
७)	**ऋणी फर्म: कृष्ण पोल्ट्री फर्म,** प्रोप्राईटर तथा जमानीकर्ता: कृष्ण बहादुर कामी दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय कास्कीमा प्रा.फ..नं.घ.उ.वि.: १५३५५/०७५/०७६, दर्ता मिति: २०७६/०१/०९, ठेगाना: जिल्ला कास्की, पोखरा म.न.पा. वडा नं. ३२ **धितोको विवरण** १) बखत बहादुरको नाति, सोम बहादुरको छोरा, कास्की जिल्ला, लामाचौर गा.वि.स. वडा नं. १, बस्ने कृष्ण बहादुर कामीको नाममा मालपोत कार्यालय लेखनाथ, कास्कीको लगतमा दर्ता कायम रहेको कास्की जिल्ला, रुपाकोट गा.वि.स. वडा नं. १ स्थित कित्ता नं. १३२७३ को क्षेत्रफल ०-९-०-३ (रोपनी) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) कृष्ण पोल्ट्री फर्म को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
८)	**१) ऋणी फर्म: एकान्त कृषि फार्म,** प्रोप्राईटर तथा जमानीकर्ता: राजकिशोर प्रसाद चौधरी दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, कलैया (बारा) नेपालमा प्रा.फ.नं.घ.उ.वि. ८२३१/७५०/०७६/७७, दर्ता मिति: २०७६/१०/०२, ठेगाना: जिल्ला बारा, बारागढी गा.पा. वडा नं. २ **धितोको विवरण** १) आसाराम चौधरीको नाती, कचानन्द चौधरीको छोरा, बारा जिल्ला, विसुनपुर्वा गा.वि.स. वडा नं. २ बस्ने राज किशोर प्रसाद चौधरीको नाममा मालपोत कार्यालय, कलैया, बाराको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, विसुनपुर्वा गा.वि.स. वडा नं. ५ (हाल बारागढी गा.पा. वडा नं. २) स्थित कित्ता नं. ३९२ को क्षेत्रफल ०-८-१९ (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पुर्ण लिगलगापात समेत । २) एकान्त कृषि फार्मको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । **कर्जाको किसिम: बिना धितो कर्जा** **२) ऋणी: राजकिशोर प्रसाद चौधरी** स्थायी ठेगाना: बारा जिल्ला, विसुनपुर्वा गा.वि.स. वडा नं. २, हालको ठेगाना: बारा जिल्ला, बारागढी गा.पा. वडा नं. २, बाबु: कचानन्द चौधरी, बाजे: आसाराम चौधरी
९)	**ऋणी: पसिन्दर राय यादव** स्थायी ठेगाना: रौतहट जिल्ला, पतौरा गा.वि.स. वडा नं. १, हालको ठेगाना: रौतहट जिल्ला, मौलापुर न.पा. वडा नं. ४, बाबु: कमल राय यादव, बाजे: राधा राय यादव, **धितोको विवरण** मनोहर राय यादवको नाति, राधा राय यादवको छोरा, रौतहट जिल्ला, पतौरा गा.वि.स. वडा नं.१ बस्ने कमल राय यादवको नाममा मालपोत कार्यालय मौलापुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, पतौरा गा.वि.स. वडा नं.६ क (हाल रौतहट जिल्ला, मौलापुर न.पा वडा नं.४) स्थित कित्ता नं. १९३० को क्षेत्रफल ०-२-० (विगाह) को घरजग्गा तथा सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
१०)	**१) ऋणी: अशोक कुमार महतो** स्थायी ठेगाना: सर्लाही जिल्ला, धकौली गा.वि.स. वडा नं. ४, हालको ठेगाना: धनुषा जिल्ला, धनुषाधाम न.पा. वडा नं. १, बाबु: राम सेवक महतो, बाजे: ठकन **२) ऋणी: प्रिती मण्डल** स्थायी ठेगाना: सिरहा जिल्ला, अर्नमा प्रं.रा. गा.वि.स. वडा नं. ४, हालको ठेगाना: धनुषा जिल्ला, धनुषाधाम न.पा. वडा नं. १, बाबु: प्रदिप कुमार मण्डल, ससुरा: अशोक कुमार महतो, पति: दिपक कुमार महतो **धितोको विवरण** निरसनको नाती, ठकनको छोरा, सिरहा जिल्ला, सारस्वर गा.वि.स. वडा नं. ९ बस्ने रामसेवक महतोको नाममा भूमिसुधार तथा मालपोत कार्यालय, जनकपुरधाम, धनुषाको लगतमा दर्ता कायम रहेको धनुषा जिल्ला, यज्ञभूमी गा.वि.स. वडा नं. ५/घ (हाल धनुषाधाम न.पा. वडा नं. ७) स्थित कित्ता नं. २४६ को क्षेत्रफल ०-४-१९ (विगाहा) को जग्गा तथा धनुषा जिल्ला, यज्ञभूमी गा.वि.स. वडा नं. ५/ग (हाल धनुषाधाम न.पा. वडा नं. ७) स्थित कित्ता नं. ८५५ को क्षेत्रफल ०-८-१८-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।

नोट: ऋणी तथा प्रोप्राइटर बाहेक सूचनामा उल्लेखित अन्य ब्यक्तिका नाम ऋणी तथा प्रोप्राइटरको नाम परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:
१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ। शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगते कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि GoogleMap

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रकियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम विक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

Durbarmarg, Tel: 5342530, 53282299
E-mail: info@nimb.com.np
website: www.nimb.com.np
Customer Support Tel No: 4541110/4540564. ext. 131
Toll Free No: 1660-01-00070

INTEREST RATES ON DEPOSIT

Effective from 6th June, 2025 (23rd Jestha 2082)

New Saving Deposit Product

Product Name	Interest Rate	Minimum Balance
Professional Savings Account	3.50%	NPR 1000

Notes:
- Notes for deposit products published by the Bank on dated 14th May 2025 shall be applicable for this product as well.
- Other terms and conditions including features of the products have been mentioned in Bank's website: - www.nimb.com.np.

धितोमा रहेको चल अचल सम्पत्ति लिलाम डाँक बढाबढद्वारा लिलाम बिक्री गरिने बारेको प्रथम पटकको सार्वजनिक सूचना

(सूचना प्रकाशन मिति २०८२।०२।२३ गते)

तपसील बमोजिमका कर्जा ग्राहकहरुले यस बैंकबाट देहाय बमोजिम कर्जा/सुविधाहरुको बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना तथा अन्य लेना रकम बुझाउन पटक पटक मौखिक तथा लिखित रुपमा तर ताकेता तथा कर्जा बुझाउने बारे २१ (एक्काईस) दिने सूचना प्रकाशन गर्दा समेत कर्जा भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकाले यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतीस) दिन भित्र बैंकको सम्पूर्ण लेना रकम चुक्ता गर्नुहुन कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरीनामादिने, जमानत दिनुहुने व्यक्ति/संस्थालाई यो सार्वजनिक सूचना जारी गरीएको छ । उल्लेखित ३५(पैंतीस) दिन भित्र कर्जा चुक्ता नगरेमा कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरी दिने, जमानत दिनुहुने व्यक्ति/संस्था र सम्बन्धित पक्षलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा राखिने र बैंकलाई लेखिदिएको चल अचल सम्पत्ति/परियोजना बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र यस बैंकको प्रचलित कर्जा असुली कार्यविधि अनुसार देहाय बमोजिमको मितिमा धितो लिलाम डाँक बढाबढ गरिने हुँदा ईच्छुक व्यक्ति/संस्था तथा सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । साथै, उपरोक्त अनुसार डाँक बढाबढद्वारा धितो लिलाम बिक्री हुन नसकेमा धितो सुरक्षणमा रहेको चल अचल सम्पत्ति बैंक आफैले सकार गरिलिन सक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपशिल

१) सम्बन्धित कार्यालय : कृषि विकास बैंक लि. शाखा कार्यालय, खैरेनिटार तनहुँ ।
धितो लिलाम बिक्री हुने मिति : २०८१ साल असार २७ गते शुक्रबार दिनको ११ देखि ३ बजे सम्म
लिलाम हुने स्थान/कार्यालय : कृषि विकास बैंक लि. शाखा कार्यालय, दमौली, तनहुँ ।

ग्राहकको विवरण

ग्राहकको नाम : माता बाराही इन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन प्रा.लि.
दर्ता भएको कार्यालय : नेपाल सरकार उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, काठमाण्डौं ।
फर्मको दर्ता नं. : १८३५६२/०७४/०७५, दर्ता मिति : २०७४/१०/२५, पान नं. : ६०६७८४४३४

लिलाम हुने अचल सम्पत्तिको विवरण

कर्जा शिर्षक	जग्गाधनीको नाम	जिल्ला	न.पा./गा.वि.स.	वडा नं.	कि.नं.	क्षेत्रफल
सरल ठेक्का कर्जा	कृष्ण बहादुर माल	तनहुँ	ढोरफिर्दी	३	५३, ८३, ३९९, २६९८	३-०-०-०, ६-०-०-०, ०-७-०-०, ०-४-०-२
	सम्झना राजभण्डारी माल	तनहुँ	उदेनढुङ्गा	५	१६७९	०-१३-२-०

सञ्चालक/प्रोप्राईटरको विवरण:

नाम	ठेगाना (हालको)	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	पति/बाबु	बाजे/ससुरा
कृष्ण बहादुर माल	शु.न.पा-८, तनहुँ	६४१३६	तनहुँ/२०६०/०२/२१/जिल्ला प्रशासन कार्यालय	बल बहादुर कुमाल	गोरे कुमाल
सम्झना राजभण्डारी माल	शु.न.पा-८, तनहुँ	८२१२४	तनहुँ/२०६२/०३/२७/ जिल्ला प्रशासन कार्यालय	कृष्ण बहादुर माल	बल बहादुर कुमाल

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण:

नाम	ठेगाना (हालको)	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	पति/बाबु	बाजे/ससुरा
कृष्ण बहादुर माल	शु.न.पा-८, तनहुँ	६४१३६	तनहुँ/२०६०/०२/२१/जिल्ला प्रशासन कार्यालय	बल बहादुर कुमाल	गोरे कुमाल
सम्झना राजभण्डारी माल	शु.न.पा-८, तनहुँ	८२१२४	तनहुँ/२०६२/०३/२७/ जिल्ला प्रशासन कार्यालय	कृष्ण बहादुर माल	बल बहादुर कुमाल

२) सम्बन्धित कार्यालय : कृषि विकास बैंक लि. शाखा कार्यालय, दमौली, तनहुँ ।
धितो लिलाम बिक्री हुने मिति : २०८१ साल असार २७ गते शुक्रबार दिनको ११ देखि ३ बजे सम्म
लिलाम हुने स्थान/कार्यालय : कृषि विकास बैंक लि. शाखा कार्यालय दमौली, तनहुँ ।

ग्राहकको विवरण

ग्राहकको नाम : जमुना पोखेल, ना. प्र.नं. ३४०१, जारी मिति : २०४७/०८/१८, जारी भएको कार्यालय जिल्ला प्रशासन कार्यालय तनहुँ ।
बाबुको नाम : नारायण दत्त अधिकारी, बाजे/ससुराको नाम : ओम बहादुर पोखेल, पति/पत्नीको नाम : विष्णु बहादुर पोखेल

लिलाम हुने अचल सम्पत्तिको विवरण

कर्जा शिर्षक	जग्गाधनीको नाम	जिल्ला	न.पा./गा.वि.स.	वडा नं.	कि.नं.	क्षेत्रफल (रोपनीमा)	कैफियत
ओभर ड्राफट व्यक्तिगत	जमुना पोखेल	तनहुँ	फराकचौर	९/ख	३१९	०-९-०-०	एक तले घर समेत

शर्तहरु :
१) धितो लिलाम डाँक बढाबढ हुने तोकिएको दिन लिलामी कार्य सम्पन्न हुन नसकेमा वा सार्वजनिक बिदा परेमा सोको लगतै बैंक खुलेको दिन उक्त लिलामी कार्य हुनेछ ।
२) धितो लिलाम डाँक बढाबढमा कम्तिमा ३ (तीन) जना व्यक्ति/संस्थाहरुले भाग लिएको हुनु पर्नेछ ।
३) धितो लिलाम डाँक बढाबढमा सबै भन्दा बढी रकम बोलकबोल गर्ने व्यक्ति/संस्थाले बोलेको अंकको कम्तिमा १० (दश) प्रतिशत हुने रकम धरौटी वापत त्यसै दिन यस बैंकमा जम्मा भएको हुनु पर्नेछ ।
४) लिलाम सकार गर्ने व्यक्ति/संस्थाले लिलाम सदर भएको ७(सात) दिन भित्र बाँकी रकम बुझाउनु पर्नेछ । बुझाउनु पर्ने बाँकी रकम तोकीएको मितिमा बुझाउन नसकेमा जम्मा भएको रकम स्वत: जफत हुनेछ ।
५) लिलाम सदर/बदरको निर्णय नभए सम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा व्याज दाबी गर्न पाईने छैन ।
६) डाँक बढाबढको शुरुवात अंक उक्त चल अचल सम्पत्तिको मूल्यांकनबाट शुरुवात गरिनेछ ।
७) धितो लिलाम डाँक बढाबढ सदर वा बदर गर्नु अगावै सम्बन्धित ग्राहकले बैंकलाई भुक्तानी गर्नु पर्ने सम्पूर्ण रकम बुझाएमा लिलामी कारबाही हुने छैन ।
८) लिलाम सदर भए पश्चात दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजश्व, मालपोत, रजिष्ट्रेशन दस्तुर लगायतका सम्पूर्ण राजश्व, कर, दस्तुर एवं अन्य भैपरी खर्च बोलपत्रदातालेनै व्यहोर्नु पर्नेछ ।
९) डाँक बढाबढमा सबै भन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थालाई दिने वा नदिने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ ।
१०) अन्य जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

कृषि विकास बैंक लि.
कर्जा असुली तथा संकलन विभाग
मुख्य कार्यालय, काठमाण्डौं ।

अर्थ पत्रिका
नयाँ पत्रिका
शुक्रबार २३ जेठ ०८२

विश्वकै लामो मुक्तिनाथ केबुलकार बनाउन ५७ अर्ब ६४ करोड लगानी स्वीकृत

जिडिपीमा वार्षिक ७० अर्ब योगदान दिने ८१.०१४ किलोमिटर लामो परियोजना दसैँमा शिलान्यास गर्ने तयारी

मिलन विश्वकर्मा/नयाँ पत्रिका

सरकारले विश्वकै लामो मानिएको 'मुक्तिनाथ केबुलकार' परियोजनाको ५७ अर्ब ६४ करोड लगानी स्वीकृत गरेको छ। बिहीबार सम्पन्न लगानी बोर्डको ६४औँ बैठकले परियोजनाको लगानी स्वीकृत गरेको हो। परियोजना विकास सम्झौता (पिडिए) गर्न बिहीबारकै बैठकले कार्यकारी अधिकृत सुशील ज्ञवालीको संयोजकत्वमा वार्ता समिति गठन गरेको छ। अब वार्ता समितिले प्रस्तावक कम्पनी मुक्तिनाथ दर्शन प्रालिसँग वार्ता गरेर पिडिएको मस्यौदा बनाउनेछ। सरकारले १५ जेठमा ल्याएको आगामी आवको बजेटमा पनि यो परियोजना निर्माणमा सहजीकरण गर्ने उल्लेख छ।

बोर्डका प्रवक्ता प्रधुम्नप्रसाद उपाध्यायले परियोजनाको लगानी स्वीकृत भएको जानकारी दिए। 'साथै, पिडिएका लागि वार्ता कमिटी पनि गठन भएको छ। कम्पनीको तर्फबाट पनि वार्ता कमिटी गठन गर्नुपर्ने हुन्छ होला। त्यसपछि वार्तामार्फत पिडिएको मस्यौदामा तयार गर्छौं,' उनले भने, 'पिडिएमा हस्ताक्षर भयो भने कम्पनीले परियोजना निर्माणको काम अघि बढाउन सक्छ।'

मुस्ताङको धार्मिक गन्तव्य मुक्तिनाथ मन्दिर पुग्न हालसम्म सुविधाजनक सडक बनेका छैनन्। सोही अवस्थालाई लक्षित गर्दै यो परियोजनाको कल्पना गरिएको हो। कुल ८१.०१४ किलोमिटर लम्बाइ रहने यो केबुलकार विश्वकै लामो पनि हुनेछ। यसको सुरुवाती (बेस) स्टेसन पर्वत जिल्लाको बिरेठाँटीमा हुनेछ भने अन्तिम स्टेसन मुस्ताङको मुक्तिनाथ मन्दिर क्षेत्रमा हुनेछ। बिरेठाँटीबाट तीन घण्टा ३६ मिनेट (ट्रान्जिट समयबाहेक)मा मुक्तिनाथ पुग्न सकिनेछ। केबुलकारको गति प्रतिसेकेन्ड सात मिटर हुनेछ। नेपालमा निजी क्षेत्रबाट बन्न लागेको यो सबैभन्दा ठुलो एकल पूर्वाधार (दूरसञ्चारबाहेक) पनि हो।

कम्पनीका अध्यक्ष अरुणकुमार सुवेदीले लगानी स्वीकृत हुने निर्णय स्वागतयोग्य भएको बताए। 'आजभन्दा ११ वर्षअघि परियोजना निर्माणका लागि प्रक्रिया अघि बढाएको हो। अहिले बल्ल लगानी स्वीकृति भएको छ। ढिलै भए पनि यसमा कम्पनीले खुसी व्यक्त गर्दछ,' उनले भने, 'अब हामी पनि वार्ता कमिटी गठन गर्छौं। यही असारभित्र पिडिएको मस्यौदा तयार गर्ने लक्ष्य राखेका छौं।'



■ स्वदेशी लगानीमै बनाइने

काठमाडौं/ मुक्तिनाथ केबुलकार कम्पनीले कात्तिकभित्रै परियोजना निर्माणको शिलान्यास गर्ने लक्ष्य राखेको अध्यक्ष अरुणकुमार सुवेदीले बताए। 'पिडिए भएपछि वित्तीय व्यवस्थापनको प्रक्रिया अघि बढ्छ। अहिले नेपाली बैंकिङ क्षेत्रमा उच्च तरलतासँगै ब्याजदर पनि सस्तो छ। तसर्थ, हामीले स्वदेशी बैंकहरूबाट ऋण लिने योजना बनाएका छौं,' उनले भने, 'आगामी दसैं-तिहारताका परियोजनाको शिलान्यास गर्ने लक्ष्य छ। अन्य प्रक्रिया पनि सँगसँगै अघि बढ्नेछ।' निर्माण सुरु भएको चार वर्षमा परियोजना तयार गर्ने लक्ष्य लिएको उनले बताए।

कम्पनीले यसअघि भारतको के एन्ड आर इन्जिनियरिङ कम्पनीले इन्जिनियरिङ प्रक्युमेन्ट कन्ट्र्याक्ट र लगानी (इपिसिएफ) मोडेलमा यस आयोजनामा ऋण लगानी गर्ने गरी समझदारी गरेको थियो। तर, उक्त समझदारीको म्याद सकिसकेको छ। 'यस्तो अवस्थामा सुरुदेखि नै प्रक्रिया अघि बढाउनुपर्छ,' अध्यक्ष सुवेदीले भने, 'नेपालकै बैंकहरूमा सस्तोमा कर्जा पाइन्छ। तसर्थ, स्वदेशी बैंकबाट कर्जा लिने योजना बनाएका छौं।'

यद्यपि, परियोजनाको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन अझै वन तथा वातावरण मन्त्रालयमा विचाराधीन छ। त्यसलाई छिट्टै स्वीकृत गरेर सरकारले सहजीकरण गर्नुपर्ने अध्यक्ष सुवेदीको माग छ। कम्पनीले गत पुस ०८० मै लगानी बोर्डमा परियोजनको डिपिआर पेस गरेको थियो। त्यो पनि बोर्डबाट स्वीकृत हुन बाँकी छ। बोर्डका प्रवक्ता उपाध्यायले डिपिआर मूल्यांकनकै क्रममा रहेको बताए। 'वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन स्वीकृत हुन बाँकी छ। वन मन्त्रालयबाट त्यो स्वीकृत भएर आएपछि डिपिआर पनि स्वीकृत गरिहाल्छौं,' उनले बताए।

परियोजनामा ८० प्रतिशत लगानी ऋणमार्फत जुटाइँदै छ। बाँकी २० प्रतिशत भने स्वपुँजी हुनेछ। त्यसमा आयोजना प्रभावित बासिन्दालाई १० प्रतिशत र सर्वसाधारणलाई ३५ प्रतिशत गरेर ४५ प्रतिशतको अनुपातमा आइपिओ निष्कासन गरिनेछ। बाँकी ५५ प्रतिशत सेयर भने संस्थागत हुनेछ, त्यसमा २७.५ प्रतिशत सेयर सिंगापुरको कम्पनीले लिँदै छ। २७.५ प्रतिशत संस्थापक सेयर मुक्तिनाथ दर्शन प्रालिको हुनेछ।

■ जिडिपीमा वार्षिक ७० अर्ब योगदान

परियोजना बनेपछि नेपालको कुल गार्हस्थ्य उत्पादन (जिडिपी)मा वार्षिक ७० अर्ब रुपैयाँ योगदान पुग्ने देखिएको छ। परियोजनाका कारण सिर्जना हुने आर्थिक अवसर (होटेल, रोजगारी, स्थानीय उत्पादन र बजारलगायत)का आधारमा जिडिपीमा सोबराबरको योगदान पुग्ने देखिएको अध्यक्ष सुवेदीले बताए।

पर्यटक न्यूनतम दुई दिन बस्ने, न्यूनतम १५ सयबराबरको रुममा लिने, न्यूनतम पाँच सय रुपैयाँको खाना खाने, त्यसका आधारमा स्थानीय उत्पादन तथा सेवाको खपत बढ्नेलगायतका आधारमा यस्तो विश्लेषण गरिएको हो। परियोजनाको निर्माण अवधि (चार वर्ष)मा दुई हजार रोजगारी सिर्जना हुनेछ। सञ्चालन अवधिमा भने न्यूनतम ६ सय हाराहारीमा रोजगारी सिर्जना हुने कम्पनीको भनाइ छ।

परियोजनाको 'पे ब्याक पिरियड' सात वर्ष रहेको छ। यद्यपि, १० वर्षमा ऋण चुक्ता गर्ने योजना कम्पनीले बनाएको छ। आयोजनाको इन्टर्नल रेट अफ रिटर्न १५ प्रतिशत र लगानी प्रतिफल २० प्रतिशत हाराहारी हुनेछ।

आधा क्षमतामा सञ्चालन हुँदा पनि परियोजनाले वार्षिक १७ अर्ब रुपैयाँबराबरको कारोबार गर्नेछ। आयोजना पूर्ण क्षमतामा सञ्चालन भएमा सरकारलाई भ्याट मात्रै वार्षिक आठ अर्ब रुपैयाँसम्म प्राप्त हुनेछ।

■ कस्तो हुनेछ आयोजना ?

८१.०१४ किलोमिटर लामो परियोजनामा चार सय १६ वटा टावर र सात सय ७६ बन्डुला (मान्छे बस्ने बक्स) हुनेछ। परियोजनामा ७६ मिटर अग्लोसम्मको टावर हुनेछ। एक बन्डुलामा १० जना यात्रु बस्न सक्नेछन्। केबुलकार



परियोजनाले एक घण्टामा एक हजार यात्रुलाई बोर्डिङ गराउन (सेवा दिने) सक्नेछ। वर्षमा ३६ लाख यात्रु आवतजावत गर्न सक्नेछन्। परियोजना हिउँदमा नौ र बर्खामा १४ घण्टासम्म सञ्चालन गर्न सकिनेछ। परियोजनामा ६ वटा अनिवार्य ट्रान्जिट र नौवटा स्वैच्छिक स्टेसन हुनेछ। घोडेपानी, नार्चाङ, लेते, कोवाङ, जोमसोम र कागबेनीमा अनिवार्य ट्रान्जिट स्टेसन हुनेछन्। यसैगरी भुक, उल्लेरी, शिख, घारा, रुप्से, घासा, टुकुचे, मार्फा र खिगामा स्वैच्छिक स्टेसन हुनेछ।

■ बोर्ड बैठकले अन्य के-के निर्णय गऱ्यो ?

बिहीबारकै बैठकले माथिल्लो सेती जलविद्युत् (२१६ मेगावाट)को २४ अर्ब ५१ करोड, बकान खोला जलविद्युत् (४४ मेगावाट)को सात अर्ब ९१ करोड र छिलुङ खोला जलविद्युत् (४३.२ मेगावाट)को सात अर्ब ३४ करोड ७४ लाख रुपैयाँ लगानी स्वीकृत गरेको छ। माथिल्लो सेती जलविद्युत् परियोजनाको पिडिए गर्न पनि छुट्टै वार्ता कमिटी गठन गरिएको छ। यसैगरी बोर्डमा प्रस्ताव आएको आइसिटी पार्कलाई स्विस च्यालेन्जको अवधारणाअनुरूप प्रतिस्पर्धा गराई अगाडि बढाउने निर्णय पनि बोर्डले गरेको छ। जनकपुरमा प्रस्तावित खानेतेल परियोजनाको प्रस्तावक कम्पनीसँग समझदारी गरी अध्ययन गर्न सहमति प्रदान गर्ने र सोको आवश्यक मूल्यांकनका लागि एक कार्यदल गठन गर्ने निर्णय भएको पनि प्रवक्ता उपाध्यायले बताए। यसैगरी, नेपालमा रेलमार्गसम्बन्धी क्षेत्रमा सहकार्य गर्न कोरियन रेलबोर्ड कर्पोरेसनसँग समझदारी गर्न समझदारीपत्रको मस्यौदा स्वीकृतिका लागि मन्त्रिपरिषद् पठाउने निर्णय पनि गरिएको छ।

संक्षेप

नबिलको सिइओमा ज्ञवाली



काठमाडौं/ नबिल बैंकको प्रमुख कार्यकारी अधिकृत (सिइओ)मा मनोजकुमार ज्ञवाली नियुक्त भएका छन्। बिहीबार बसेको बैंकको सञ्चालक समिति बैठकले ज्ञवालीलाई चार वर्षका लागि सिइओ पदमा नियुक्त गरेको हो। यसअघि ज्ञवालीले कायममुकायम सिइओको भूमिका निर्वाह गर्दै आएका थिए।

चार्टर्ड एकाउन्टेन्टसमेत रहेका ज्ञवालीसँग बैंकहरूको नियमनकारी निकाय नेपाल राष्ट्र बैंक, ग्लोबल आइएमई बैंक, ग्लोबल आइएमई क्यापिटल र ज्योति विकास बैंकसहित पुँजीबजार तथा बैंकिङ क्षेत्रमा २६ वर्ष लामो अनुभव छ। त्यस्तै, सोही समितिले नायब महाप्रबन्धक आदर्श बजगाईंलाई नायब प्रमुख कार्यकारी अधिकृत (डिसिइओ)मा बढुवा गरेको छ भने प्रमुख कानुन विभाग भीष्म न्यौपानेलाई कम्पनी सचिवको जिम्मेवारी दिएको छ।

बिमा प्राधिकरणमा इजलास



काठमाडौं/ नेपाल बिमा प्राधिकरणले बिमा दाबीसम्बन्धी उजुरीको सुनुवाइ गर्ने प्रयोजनका लागि केन्द्रीय कार्यालय, कुपन्डोलमा बिहीबारदेखि इजलास सञ्चालनमा ल्याएको छ। नेपाल बिमा प्राधिकरणका अध्यक्ष शरद ओझाले प्राधिकरणमा दायर भएका बिमासम्बन्धी उजुरी शीघ्रताका साथ फर्स्योट गर्दै जाने प्रतिबद्धता जनाएअनुसार छुट्टै कक्ष स्थापना गरी इजलास सञ्चालनमा ल्याइएको हो।

प्राधिकरणका अध्यक्ष ओझाको अध्यक्षतामा प्राधिकरणका सञ्चालक समितिका सदस्यहरू मानबहादुर अर्याल, सन्तोष रिजाल र राधाकुमारी पोखरेलको सहभागितामा नयाँ कक्षमा इजलास बसेको छ। प्राधिकरणमा एक बिमितले बिमा कम्पनीबाट बिमा दाबी नपाएको भनी दिएको उजुरीमाथि इजलासमा पक्ष तथा विपक्षका कानुन व्यवसायीबाट बहस भएको थियो।

आगामी वर्षको बजेट कार्यान्वयनको गृहकार्य सुरु

काठमाडौं/ अर्थ मन्त्रालयले आगामी आर्थिक वर्षको बजेट कार्यान्वयनको गृहकार्य सुरु गरेको छ। बिहीबार मन्त्रालयमा आयोजित बैठकमा नीति तथा कार्यक्रम, बजेट र माइलस्टोनबिच तादात्म्यता मिलाई कार्ययोजना बनाएर कार्यान्वयन गर्ने गृहकार्य सुरु भएको हो।

उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले बजेट वक्तव्यमा समावेश भएका कार्यक्रम तथा आयोजनाका लागि खरिदसम्बन्धी तयारी कार्य अघि बढाउन निर्देशन दिएका छन्। बजेट स्वीकृत भएलगत्तै सम्झौता गर्न सकिने गरी तयारी गर्दा छिटो काम गर्न सहज हुने उनको भनाइ छ। यस्तै, बैठकमा मुख्यसचिव एकनारायण अर्याललले खरिद प्रक्रिया अघि बढाउन थप ऐन-कानुन जरुरी नभएको उल्लेख गर्दै बजेटमा उल्लेख भएअनुसार खरिदका लागि तयारी प्रक्रिया अघि बढाउँदा हुने धारणा व्यक्त गरे।

मध्य-चमेलियामा जुट्यो लगानी

काठमाडौं/ दार्चुला पावर लिमिटेडले अघि बढाएको २८.३ मेगावाटको मध्य-चमेलिया जलविद्युत् आयोजनामा लगानी जुटेको छ। दार्चुलाको मार्मा गाउँपालिका- २ मा बन्ने परियोजनाको कुल अनुमानित लागत पाँच अर्ब ६६ करोड रुपैयाँ छ। त्यसको ७५ प्रतिशत लगानी ऋणमार्फत जुटाइएको हो। बाँकी रकम कम्पनीले स्वँपुजीका रूपमा लगानी गर्नेछ।

बुधबार काठमाडौंमा दार्चुला पावरका अध्यक्ष सञ्जीव न्यौपाने र नेपाल बैंकका प्रमुख कार्यकारी अधिकृत तिलकराज पाण्डेले ऋण लगानी सम्झौतापत्रमा हस्ताक्षर गरेका छन्। सम्झौताअनुसार नेपाल बैंकले दुई अर्ब २४ करोड पाँच लाख रुपैयाँ र नबिल बैंकले दुई अर्ब रुपैयाँ ऋण लगानी गर्नेछन्। दार्चुला पावर लिमिटेड, अपि पावर कम्पनी लिमिटेडको सहायक कम्पनी हो।

बोलपत्रद्वारा गोलिया काठ/दाउरा लिलाम बिक्री वितरण सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२/०२/२३

यस **सिमलदमार सा.व.उ.स., मरिण गा.पा. २, सिन्धुली**बाट आ.व. **२०८१/०८२** मा उत्पादन भई **सखौरी चौरी, मरिण गा.पा. २**, सिन्धुलीमा घाटगद्दि गरी राखिएको **विभिन्न लटको साल र असना** जातको गोलिया थान **१४७** को **१६९०.७०** क्यू.फि. गोलिया काठ र **१.७५** चट्टा दाउरा व्यापारिक प्रयोजनको लागि बिक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ। काठ दाउरा जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ।

श्री सिमलदमार सा.व.उ.स., मरिण गा.पा.- २, सिन्धुली

बोलपत्रद्वारा गोलिया काठ/दाउरा लिलाम बिक्री वितरण सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२/०२/२३

यस **सिन्दुरे सा.व.उ.स., मरिण गा.पा. २, सिन्धुली**बाट आ.व. **२०८१/०८२** मा उत्पादन भई **सिन्दुरे दोभान, मरिण गा.पा. २**, सिन्धुलीमा घाटगद्दि गरी राखिएको **विभिन्न लटको साल र असना** जातको गोलिया थान **१३४** को **१४७२.६९** क्यू.फि. गोलिया काठ र **१.००** चट्टा दाउरा व्यापारिक प्रयोजनको लागि बिक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ। काठ दाउरा जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ।

श्री सिन्दुरे सा.व.उ.स., मरिण गा.पा.- २, सिन्धुली

'टेक एन्ड पे' पिपिएबाट सरकार पछि नहटे उत्पादन ठप्प पार्ने चेतावनी



काठमाडौं/ सरकारले नदी प्रवाहमा आधारित जलविद्युत् परियोजनासँग 'टेक एन्ड पे' (लेऊ र तिर) मोडेलमा विद्युत् खरिद-बिक्री सम्झौता (पिपिए) गर्ने नीति ल्याएपछि ऊर्जा प्रवर्द्धकहरू आन्दोलनमा उत्रिएका छन्। बिहीबार काठमाडौंमा पहिलो चरणको भेला गर्दै ऊर्जा व्यवसायीले माग सम्बोधन नभए विद्युत् उत्पादन ठप्प पार्ने चेतावनी दिएका हुन्।

सरकारले हालै ल्याएको आगामी आवको बजेटमा आरओआर परियोजनासँग टेक एन्ड पे मोडेलमा पिपिए गर्ने उल्लेख छ। विद्युत् परियोजनाको बिजुली खरिद मामिलामा आफ्नै एकाधिकार भएको अवस्थामा समेत सरकारले विद्युत् चाहिएका वेलामा मात्रै किन्ने नीति ल्याएको छ। स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था (नेपाल)का अध्यक्ष गणेश कार्कीले सरकार यो निर्णयबाट पछि नहटे विद्युत् उत्पादन ठप्प पारिदिने बताए। 'आइपिओ निष्कासनमा दुःख दिएर मात्रै पुगेन। अहिले विद्युत् नै नकिन्ने नीति ल्याइयो। विद्युत् उत्पादनमा निजी क्षेत्रको ८० प्रतिशत योगदान छ। तर, निजी क्षेत्रलाई निरन्तर दुःख दिने काम भयो,' उनले भने, 'यदि, सरकार पछि हट्दैन भने विद्युत् उत्पादन ठप्प पारिदिन्छौं।' सरकारले यो बुँदा नसच्याए चरणबद्ध आन्दोलन अघि बढाउँदै 'ब्ल्याक आउट'सम्ममा जानुपर्ने अवस्था आउने उनको भनाइ छ।

इप्पानका वरिष्ठ उपाध्यक्ष मोहनकुमार डाँगीले पहिले कार्पेट उद्योगलाई जसरी सिध्याए, अहिले ऊर्जा क्षेत्रलाई पनि त्यसैगरी सिध्याउने खेल सुरु भएको बताए। 'यो रातारात आएको कुरा होइन। प्रवर्द्धकको ३३ प्रतिशत सेयर लक गर्ने, आयोजनाले बत्ती नबाली आइपिओ ल्याउन नदिने, सर्वोच्चको एउटा फैसलाबाट २० हजार मेगावाटका आयोजना बन्न नदिने र अहिले टेक एन्ड पे भनेर अरू १७ हजार मेगावाटका आयोजना पनि बन्न नदिने योजनाबद्ध चाल चलिरहेका छन्। यसका लागि कडाभन्दा कडा आन्दोलनभन्दा अर्को विकल्प छैन,' उनले भने।


खुकुलो वित्तीय नीतिले पनि बढाएन सेयर बजारमा उत्साह

बैंक तथा वित्तीय संस्थामा लगानीयोग्य पुँजी थुप्रिएर कर्जा निक्षेपको अनुपात ७८.७८ प्रतिशतमा झरिसकेको छ। मुद्दती निक्षेपको औसत ब्याजदर ५.९५ प्रतिशतसम्म पुगेको छ। लगानीका अरू क्षेत्र चलायमान हुन सकेका छैनन्। तैपनि, सेयर बजारमा लगानीकर्ताको आकर्षण बढ्न सकेको छैन।

नयाँ पत्रिका

सेयर बजारमा उत्साह बढाउन सरकार र नेपाल राष्ट्र बैंकले लिएको लचिलो नीति प्रभावहीन देखिएको छ। गत साता ११ जेठमा राष्ट्र बैंकले चालू आर्थिक वर्षको मौद्रिक नीतिको त्रैमासिक समीक्षामार्फत सेयर धितो कर्जाको जोखिमभार घटाएको थियो।

राष्ट्र बैंकले मौद्रिक नीतिको तेस्रो त्रैमासिक समीक्षामार्फत सेयर धितो कर्जाको जोखिमभार १२५ प्रतिशतबाट घटाएर १०० प्रतिशतमा झारेको थियो। यसले सेयर धितोमा कर्जा प्रवाह सहज हुने अपेक्षा गरिएको थियो। समीक्षा सार्वजनिक भएको १२ दिन बित्दा नेप्से परिसूचक ४७.५९ अंकले घटेको छ। बैंक तथा वित्तीय संस्थामा लगानीयोग्य पुँजी प्रशस्त भए पनि बजार सुस्त छ। कर्जा निक्षेप अनुपात (सिडी रेसियो) ७८.७८ प्रतिशतमा झरेको छ भने मुद्दती निक्षेपमा दिइने औसत ब्याजदर ५.९५ प्रतिशतसम्म पुगेको छ। तर, लगानीका अन्य क्षेत्रहरू चलायमान नहुँदा सेयर बजारले पनि गति लिन सकेको छैन।



त्यस्तै, आगामी आर्थिक वर्षको बजेटले पुँजी बजारबाट प्राप्त लाभमा लाग्ने आयकर दर यथावत् राखेको छ। १५ जेठमा बजेटमार्फत सरकारले लाभकर यथावत् राखेको थियो। सरकार र राष्ट्र बैंक दुवैबाट सहज नीति आए पनि लगानीकर्तामा आकांक्षा देखिएको छैन। बजार सुस्त हुनुलाई केही विश्लेषकले निष्क्रिय संस्थागत लगानी, कमजोर बजार विश्लेषण प्रणाली, राजनीतिक अन्योल र अर्थतन्त्रमा स्पष्ट पुनरुत्थान नदेखिनुजस्ता कारणसँग जोडेका छन्।

पछिल्लो तीन दिनयता सेयर बजार परिसूचक नेप्से ५३.७ अंकले घटेको छ। सोमबार २६९४.६६ विन्दुमा पुगेको नेप्से बिहीबारसम्म आइपुग्दा २६४०.९६ विन्दुमा पुगेको छ।

